ALL NEPAL FOOTBALL ASSOCIATION

ANFA

# अखिल नेपाल फुटबल संघ

# बिधान

## २०७७ संस्करण

www.the-anfa.com

# बिषय सूची

परिभाषा: १
परिच्छेद १: प्रारम्भिक प्रावधान ३
धारा १ नाम, सदस्यता, प्रधान कार्यालय तथा बैधानिक स्वरुप ३
धारा २ उद्देश्य ३
धारा ३ मानवअधिकार ४
धारा ४ तटस्थ तथा भेदभावरहित हुने ५
धारा ५ मैत्रीपूर्ण सम्बन्धको प्रवर्धन ५
धारा ६ खेलाडीहरु ५
धारा ७ क्लवको इजाजत ६
धारा ८ खेलको नियम ६
धारा ९ पदाधिकारीहरु तथा निकायहरुको आचरण ७
धारा १० आधिकारिक भाषा ७
धारा ११ सदस्यताको प्रबेश, निलम्बन तथा निश्कासन ७
धारा १२ सदस्यता ८
धारा १३ सदस्यता प्रदान गर्ने कार्यबिधि १०
धारा १४ सदस्यहरुको अधिकार १०
धारा १५ सदस्यहरुको कर्तब्य ११
धारा १६ निलम्बन १३
धारा १७ निष्काशन १४
धारा १८ राजिनामा १४
धारा १९ सदस्य तथा (सदस्यको) निकायहरुको स्वतन्त्रता सम्बन्धी १५
धारा २० क्लवहरु, लिगहरु, संघहरु तथा अन्य समूहहरुको स्तर १५
परिच्छेद २: मनार्थ पदवीहरु १६
धारा २१ मानार्थ पदवीहरु १६
परिच्छेद ३: प्रदेश तथा जिल्ला फुटवल संघ १६

धारा २२ प्रदेश तथा जिल्ला फुटवल संघ १६

परिच्छेद ४: निकाय १९

धारा २३ निकाय १९

धारा २४ निर्वाचित वा मनोनित हुने व्यक्तिको योग्यता २०

परिच्छेद ५: कंग्रेस २१

धारा २५ कंग्रेस (साधारण सभा) २१

धारा २६ प्रतिनिधिहरु तथा मताधिकार २२

धारा २७ साधारण सभाको अधिकारक्षेत्र २४

धारा २८ कंग्रेस (साधारण सभा) को गणपुरक संख्या २५

धारा २९ कंगेसको निर्णय २५

धारा ३० अर्डिनरी कंग्रेस २५

धारा ३१ अर्डिनरी कंग्रेसको बिषय सूचि २६

धारा ३२ साधारण सभाको स्थायी ब्यवस्था (STANDING ORDER) तथा बिधानमा संसोधन २७

धारा ३३ निर्वाचन २८

धारा ३४ बैठकको निर्णय २९

धारा ३५ निर्णय लागु हुने मिति २९

परिच्छेद ६: बिशेष कंग्रेस २९

धारा ३६ बिशेष कंग्रेस (बिशेष साधारण सभा) २९

परिच्छेद ७: कार्यसमिति ३०

धारा ३७ कार्यसमितिको गठन ३०

धारा ३८ कार्यसमितिको अधिकार ३२

धारा ३९ कार्यसमितिको बैठक ३३

धारा ४० कार्यसमितिको निर्णयहरु ३४

धारा ४१ निकायका सदस्यहरुको बर्खास्ती ३५

परिच्छेद ८: अध्यक्ष ३६

धारा ४२ अध्यक्षको काम, कर्तब्य तथा जिम्मेवारी ३६

धारा ४३ हस्ताक्षर तथा प्रतिनिधित्व ३७

परिच्छेद ९: बरिष्ठ उपाध्यक्ष र उपाध्यक्ष ३७

धारा ४४ बरिष्ठ उपाध्यक्ष र उपाध्यक्षको काम, कर्तव्य र जिम्मेवारी ३७
परिच्छेद १०: आपतकालिन समिति ३७
धारा ४५ आपतकालिन समिति ३७
परिच्छेद ११: स्थायी समिति ३८
धारा ४६ स्थायी समितिहरु ३८
धारा ४७ प्रतियोगिता समिति ३९
धारा ४८ प्राविधिक समिति ४०
धारा ४९ कानुन समिति ४०
धारा ५० युवा फुटवल समिति ४०
धारा ५१ फुटसल समिति ४०
धारा ५२ खेलाडीको स्तर समिति ४०
धारा ५३ रेफ्रिको समिति ४१
धारा ५४ महिला फुटवल समिति ४१
धारा ५५ सुरक्षा समिति ४१
धारा ५६ स्वास्थ्य समिति ४१
धारा ५७ सूचना तथा संचार समिति ४१
धारा ५८ बीच सकर समिति ४१
धारा ५९ सदस्य संस्था समन्वय समिति ४२
धारा ६० लिग समिति ४२
धारा ६१ सामाजिक उत्तरदायित्व समिति ४२
धारा ६२ सल्लाहकार समिति ४२
धारा ६३ राष्ट्रिय टिम तयारी समिति ४२
धारा ६४ तदर्थ समितिहरु ४३
परिच्छेद १२: सचिवालय ४३
धारा ६५ सचिवालय ४३
धारा ६६ महासचिव ४३
धारा ६७ कोषाध्यक्ष ४४
धारा ६८ प्रवक्ता ४५

परिच्छेद १३: स्वतन्त्र निकायहरु ४५

धारा ६९ लेखापरिक्षण र अनुपालन समिति ४५

धारा ७० निर्वाचन समितिहरु ४६

धारा ७१ न्यायिक निकायहरु ४७

धारा ७२ अनुशासन समिति ४८

धारा ७३ सदाचार समिति ४८

धारा ७४ पुनरावेदन समिति ४९

परिच्छेद १४: अन्य निकायहरु ४९

धारा ७५ क्लवको इजाजत दिने निकाय ४९

परिच्छेद १५: अनुशासन सम्बन्धी कारवाहीहरु ५०

धारा ७६ अनुशासन सम्बन्धी कारवाहीहरु ५०

परिच्छेद १६: मध्यस्थता ५१

धारा ७७ मध्यस्थता ५१

धारा ७८ क्षेत्राधिकार ५२

धारा ७९ कोर्ट अफ आर्बिट्रेशन फर स्पोर्ट (COURT OF ARBITRATION FOR SPORTS) ५२

धारा ८० बिवाद समाधान ५३

परिच्छेद १७: आर्थिक ब्यवस्था ५३

धारा ८१ आर्थिक ब्यवस्था ५३

धारा ८२ आयहरु ५३

धारा ८३ ब्ययहरु ५४

धारा ८४ स्वतन्त्र र बाह्य लेखापरिक्षण ५४

धारा ८५ सदस्यता शुल्कहरु ५४

धारा ८६ राफ्साफ् (फर्फारक्) ५४

धारा ८७ आर्थिक तथ्यांकको प्रकाशन ५४

धारा ८८ लेभी ५५

परिच्छेद १८: प्रतियोगिताहरु र प्रतियोगिता एवं खेलमा अधिकार ५५

धारा ८९ प्रतियोगिताहरु ५५

धारा ९० अन्तर्राष्ट्रिय खेल र प्रतियोगिताहरु ५५

धारा ९१ अधिकारहरु ५६

धारा ९२ अख्तियारी प्रदान ५६

धारा ९३ सम्पर्कहरु ५६

धारा ९४ स्वीकृति ५७

परिच्छेद १९: अन्तिम प्राबधानहरु ५७

धारा ९५ अप्रत्याशित घटनाक्रम र काबुबाहिरको परिस्थिति ५७

धारा ९६ संस्थागत कागजात (CORPORATE DOCUMENT) को प्रकाशन ५७

धारा ९७ बिघटन ५७

धारा ९८ कार्यान्वयन ५८

धारा ९९ संक्रमणकालिन प्राबधानहरु ५८

अनुसूचि-१ ५९

एन्फाको झण्डा ५९

अनुसूचि-२ ६०

संघको छाप (EMBLEM) चिन्ह नेपाली र अंग्रेजीमा ६०

अनुसूचि-३ ६१

राष्ट्रिय टिमको जर्सीमा राख्ने चिन्ह ६१

अनुसूचि-४ ६२

पद तथा गोपनियताको शपथ ग्रहणको नमुना ६२

अनुसूचि-५ ६३

Intergity Check ६३

परिभाषाः

बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस बिधानमाः

(१) "एन्फा" (ANFA) भन्नाले अखित नेपाल फुटवल संघ (All Nepal Football Association) एन्फा भन्ने जनाउँछ ।

(२) "**बिधान**" भन्नाले साधारण सभा वा बिशेष साधारण सभाद्वारा पारित एवं जारी गरिएको नियम भन्ने जनाउँछ ।

(३) "**ए.एफ.सी.**" (AFC) भन्नाले एसियाली फुटवल महासंघ (Asian Football Confederation) लाई जनाउँछ ।

(४) "**फिफा**" (FIFA) भन्नाले विश्व फुटवल महासंघ (Federation of International Football de Association) लाई जनाउँछ ।

(५) "**एसोसियसन**" भन्नाले फिफा र सम्बन्धित महासंघद्धारा मान्यता प्राप्त फुटवल संघलाई जनाउछ । प्रसङ्ग अनुसार अन्य अर्थ स्पष्ट नभएसम्म त्यस्ता संघ फिफाको सदस्य भन्ने जनाउँछ ।

(६) "**साफ**" (SAFF) भन्नाले दक्षिण एसियाली फुटवल महासंघ (South Asian Football Federation) लाई जनाउँछ ।

(७) "**सदस्य**" भन्नाले यस बिधानको धारा १२ बमोजिम कंग्रेसद्धारा स्वीकृत अखिल नेपाल फुटवल संघको सदस्यता प्राप्त गरेको कानुनी ब्यक्तिलाई जनाउँछ ।

(८) "**कंग्रेस**" भन्नाले अखिल नेपाल फुटवल संघको सर्वोच्च निकायलाई जनाउँछ ।

(९) "**कार्यसमिति**" भन्नाले एन्फाको कार्यकारी निकायलाई जनाउँछ ।

(१०) "**स्थायी समिति**" भन्नाले कार्यसमितिद्वारा गठित एन्फाको कुनै पनि समितिलाई जनाउँछ ।

(११) "**पदाधिकारीहरु**" भन्नाले एन्फा कार्यसमिति, एन्फा कार्यसमितिले आफ्नो पदावधि भित्र मनोनित गरेको महासचिव, कोषाध्यक्ष, सहायक महासचिवहरु, सहायक कोषाध्यक्ष, मानार्थ पदवीहरु, मनोनित सदस्य र बिभिन्न स्थायी समितिका सदस्यहरु, प्रदेश तथा जिल्ला संघका बिभिन्न समितिका सदस्यहरुलाई जनाउँछ ।

(१२) "**Association Football**" भन्नाले खेलको नियम (Laws of the Game) बमोजिम फिफाद्धारा आयोजित र नियन्त्रित गर्ने निकायलाई जनाउँछ ।

(१३) "**राष्ट्रिय खेलकुद परिषद**" भन्नाले नेपालको खेलकुद प्रशासनको सर्वोच्च निकाय राष्ट्रिय खेलकुद परिषद ऐन२०७७को दफा २ बमोजिम गठित राष्ट्रिय खेलकुद परिषदलाई जनाउँछ ।

(१४) "**आर्थिक बर्ष**" भन्नाले नेपाली पात्रो अनुसार श्रावण १ गते देखि आगामी बर्षको आषाढ मसान्त सम्मको अवधिलाई जनाउँछ ।

(१५) "**प्रदेश संघ**" भन्नाले यस बिधान बमोजिम प्रदेशस्तरमा गठन हुने एन्फा अन्तर्गतको प्रदेश फुटबल संघलाई जनाउँछ ।

(१६) "**जिल्ला संघ**" भन्नाले यस बिधान बमोजिम बिभिन्न जिल्लाहरुमा गठन हुने एन्फा अन्तर्गतको जिल्ला फुटबल संघलाई जनाउँछ ।

(१७) "**लिग**" भन्नाले संघ अर्न्तगतको लिग समितिलाई जनाउँछ ।

(१८) "**क्लव**" भन्नाले संघको सदस्य (फिफाद्धारा मान्यता प्राप्त) वा संघको लिगद्धारा मान्यता प्राप्त क्लबलाई जनाउँछ ।

(१९) "**खेलाडी**" भन्नाले एन्फासंग आबद्ध फुटवल खेलाडीलाई जनाउँछ ।

(२०) "**आइ.एफ.ए.वी.**" भन्नाले अर्न्तराष्ट्रिय फुटवल संघ बोर्ड (International Football Association Board) लाई जनाउँछ ।

(२१) "**अदालत**" भन्नाले सार्वजनिक र ब्यक्तिगत प्रकृतीका कानूनी विवादको सुनवाई गर्ने राज्यका अदालतलाई जनाउँछ ।

(२२) "**Arbitration Tribunal**" भन्नाले अदालतको बिकल्पमा कार्यरत निजी प्रकृतिको अदालतलाई जनाउँछ ।

(२४) "**कास**"(CAS) भन्नाले स्वीजरल्याण्डको Lausanne भन्ने ठाउँमा रहेको अर्न्तराष्ट्रिय खेलकुद विवादमा मध्यस्थता गर्ने अदालत (Court of Arbitration for Sports) लाई जनाउँछ ।

(२५) "**एनओसी**"(NOC) भन्नाले नेपाल ओलम्पिक कमिटी (Nepal Olympic Committee) लाई जनाउँछ ।

नोट :- प्राकृतिक व्यक्तिलाई गरिएको सम्वोधनले दुवै लिङ्ग (पुरुष र महिला)लाई जनाउने छ । एक वचनले बहुबचनलाई र बहुबचनले एकबचनलाई समेत जनाउने छ ।

## परिच्छेद १ : प्रारम्भिक प्रावधान

### धारा १ नाम, सदस्यता, प्रधान कार्यालय तथा बैधानिक स्वरुप:

१. एन्फा नेपालको प्रचलित कानून बमोजिम स्थापित फुटवल खेलको राष्ट्रिय संघ हो । साथै यो गैरनाफामूलक निकाय हो ।

२. यसको मूख्य कार्यालय एन्फा कम्पलेक्स, सातदोबाटो, ललितपुरमा रहेको छ जुन कंग्रेस (साधारण सभा) को निर्णयबाट मात्र अन्यत्र सार्न सकिने छ ।

३. एन्फा फिफा, ए. एफ्. सी. र साफको सदस्य हो ।

४. एन्फाको झण्डा अनुसुची-१ मा उल्लेख गरिए बमोजिम हुनेछ ।

५. अखिल नेपाल फुटवल संघको छाप (Emblem) र चिन्ह अनुसुची-२ मा उल्लेख गरिए बमोजिम हुनेछ ।

६. अखिल नेपाल फुटवल संघको संस्थागत चिन्ह अनुसुची-३ मा उल्लेख गरिए बमोजिम हुनेछ ।

७. शपथ ग्रहणको नमुना अनुसुची-४ मा उल्लेख गरे बमोजिम हुनेछ । झण्डा, प्रतिक चिन्ह, संस्थागत लोगो चिन्ह तथा छोटकरीमा प्रयोग गरिने शव्दहरु नेपालका सम्वन्धीत निकायहरुमा कानूनी रुपमै दर्ता गरिएको छ ।

### धारा २ उद्देश्य

एन्फाको उद्देश्य निम्नअनुसार रहने छ ।

१. अखिल नेपाल फुटवल संघको क्षेत्राधिकार भित्र रहि फुटवल खेलको निरन्तर सुधार तथा प्रर्वद्धन, नियमन तथा नियन्त्रण, बिशेष गरी यूवा विकासका कार्यक्रमहरु मार्फत स्वच्छ खेल (निष्पक्ष) र आपसी एकता, शैक्षिक, सांस्कृतिक तथा मानविय मूल्य मान्यता अनुरुप कार्यक्रमहरु प्रर्वद्धन गर्ने ।

२. एशोशियसन फुटवल (Association Football) का सबै स्वरुप अनुसार राष्ट्रिय तहमा प्रतिष्पर्धा गराउने, गठन भएका बिभिन्न लिगहरुको क्षेत्राधिकारको आधारमा, आवश्यकता अनुसार सही र सत्य व्याख्या गर्ने ।

३. विनियम तथा आवश्यक प्रावधानहरु तयार पार्ने र सोको कार्यान्वयन सुनिश्चित गर्ने ।

४. आफ्ना सदस्यहरुको हक हितको संरक्षण गर्ने ।

५. विधान, नियम, निर्देशिका तथा फिफा, ए.एफ.सी., एन्फाका निर्णय साथै खेलका नियमहरुको सम्मान गर्ने, उल्लंघन हुने कार्यबाट वचावट गर्ने र यसका सदस्यहरुद्धारा समेत सम्मान गर्न तथा पालना भएको कुराको सुनिश्चित गर्ने ।

६. अखिल नेपाल फुटवल संघ तथा फिफा र ए.एफ.सी.को सम्बन्धीत विधान तथा नियम अनुसार राष्ट्रिय तहमा हुने र नेपाल भित्र रहि खेलिने सवै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय फुटवल खेलहरुलाई नियन्त्रण तथा सुपरिवेक्षण गरी सच्चरित्रता, आचरण तथा अनुशासित खेल (Fair play) को प्रबर्धन गरी सबै प्रकारका खराब प्रकृयाहरु वा अव्यवहारिक अभ्यासहरु जस्तैः भष्ट्राचार, डोपिङ्ग, खेल भावनाविपरित (match manipulation and fixing) जसले खेल प्रतिष्पर्धा, खेलाडी तथा पदाधिकारीको सच्चरित्रमा वा एशोसियसन फुटवल, फुटसल (Futsal) वा विच सकर (Beach soccer) को दुरुपयोगमा बृद्धि गराउने कार्यलाई वा गम्भीर बाधा पुर्‍याउने कार्यहरुलाई रोक्ने ।

७. एशोसियसन फुटवलसंग सम्बद्ध सबै प्रकारका अन्तर्राष्ट्रिय खेल सम्बन्धको व्यबस्थापत गर्ने ।

८. अन्तर्राष्ट्रिय तथा अन्य तहका प्रतियोगिताहरुको आयोजना गर्ने ।

९. आवश्यक सम्पत्ति, साधनहरु खरिद गर्ने तथा कोषको व्यबस्थापन गर्ने ।

१०. राष्ट्रिय स्तरमा सुशासनको सिद्धान्त र अभ्यासलाई प्रबर्द्धन र सुदृढीकरण गर्ने र सदस्यहरुलाई उनिहरुको आफ्नै शासन सिद्धान्तहरु अपनाउन प्रोत्साहित गर्ने ।

११. महिला फुटवलको बिकास र फुटवल शासन (football governance)का सबै तहमा महिलाको पूर्ण सहभागिताको प्रबर्द्धन गर्ने ।

१२. नेपाल भित्र पर्ने भूभागमा खेलिने सबै मैत्रीपूर्ण फुटवल खेलहरुको नियन्त्रण र सुपरिवेक्षण गर्ने ।

## धारा.३ मानवअधिकार

अन्तर्राष्टिय मानव अधिकार सम्बन्धी नेपाल पक्ष रहेको सबै सन्धी, महासन्धी तथा मापदण्डहरुको एन्फाले सम्मान गर्न प्रतिवद्ध छ र जहाँ आफ्नो काममा लागु हुन्छ, त्यहाँ एन्फाले यी अधिकारहरुको संरक्षण, प्रबर्द्धन गर्ने प्रयत्न गर्नेछ ।

## धारा ४ तटस्थ तथा भेदभाव रहित हुने

१. एन्फा सबै प्रकारका राजनीतिक तथा धार्मिक बिषयबस्तुमा तटस्थ रहनेछ ।

२. कुनै व्यक्ति, देश वा समूह वा जात, रंगभेद, जाती, राष्ट्रियता वा सामाजिक उत्पती, लिङ्ग, अशक्तता, भाषा, धर्म, राजनैतिक वा कुनै अन्य विचार, धन, जन्म वा अन्य कुनै प्रकारको मर्यादा, यौनिक अभिमूखिकरण अथवा अन्य कुनै कारणहरुको आधारमा कुनै पनि प्रकारको भेदभावलाई निषेध गरिएको छ र यस्तो कार्य दण्डनिय छ । यस्ता भेदभावका कार्य गरेमा निलम्वन, निष्कासन वा अनुशासनात्मक कारवाही गरिने छ ।

३. एन्फा स्वतन्त्र रहनेछ र कुनै पनि किसिमको अनावश्यक राजनीतिक हस्तक्षेपबाट टाढा रहनेछ । एन्फाले आफ्नो काम स्वतन्त्र रुपमा व्यवस्थापन गर्नेछ र यो आफ्नो मामलामा कुनै पनि तेश्रो पक्षबाट प्रभाबित हुन नदिने सुनिश्चित गर्नेछ ।

४. एन्फाका सदस्यहरु राजनीति र धर्मका मामिलामा पनि तटस्थ रहनेछन् र आफ्ना सदस्यहरु समेत तटस्थ रहने कुराको सुनिश्चित गर्नेछ ।

## धारा ५ मैत्रिपूर्ण सम्बन्धको प्रबर्द्धन

१. एन्फाले मानविय उद्देश्य प्राप्तीको लागी आफ्ना सदस्यहरु, क्लवहरु, पदाधिकारीहरु, खेलाडीहरु र समाज बीच मैत्रीपूर्ण सम्वन्धको प्रर्वद्धन गर्नेछ ।

२. एशोसियसन फुटवल (Association football) मा आवद्ध प्रत्येक व्यक्ति तथा सदस्य संस्थाहरुले सम्बन्धित विधानहरु, नियमहरु तथा अनुशासित खेलका सिद्धान्तहरुको साथ साथै वफादारीताको सिद्धान्त, सच्चरित्रता र खेल भावनाको अनुशरण गर्नु निजहरुको कर्तव्य हुनेछ ।

३. सदस्यहरु, एन्फाका सदस्यहरु, क्लवहरु, पदाधिकारीहरु तथा एन्फाका खेलाडीहरु बीच उत्पन्न आन्तरिक बिवाद समाधानको लागी एन्फाले संस्थागत पहल गर्ने तथा सहायता उपलव्ध गराउने छ ।

## धारा ६ खेलाडीहरु

१. कार्यसमितिले खेलाडिहरुको स्तर तथा बिशेष अवस्थामा उनिहरुको स्थानान्तरण, फिफाको नियम अनुसार खेलाडीहरुको मर्यादा र उनिहरुको स्थानान्तरणको बारेमा नियमावली जारी गरी नियमन गर्नेछ ।

२. अखिल नेपाल फुटवल संघको नियम बमोजिम खेलाडीहरुको दर्ता गरिनेछ ।

## धारा ७ क्लवको इजाजत

१. एन्फाले ए.एफ्.सी. र फिफाद्वारा पारित क्लब इजाजत सम्बन्धी सिद्धान्तहरुसंग अनुकूल हुने गरी एक क्लब इजाजत प्रणालीको सञ्चालन गर्नेछ ।

२. क्लब इजाजत प्रणालीका उद्देश्यहरु, क्लब प्रतियोगिताहरुको विश्वसनीयता र स्वच्छता सुरक्षित गर्ने, एन्फाको व्यावसायिकता स्तरलाई सुधार गर्ने, स्वस्थ खेलका सिद्धान्त अनुसार तथा सुरक्षित खेल वातावरणका निम्ति खेल मान्यताहरुको प्रवर्द्धन गर्ने तथा क्लबहरुको आर्थिक व्यवस्था, स्वामित्व एवं नियन्त्रणमा पारदर्शिता बढाउने रहेका छन् ।

३. एन्फाको कार्यसमितिले क्लब इजाजत प्रणालीलाई निर्देशित गर्न क्लब इजाजत नियमावली जारी गर्नेछ । अन्य कुराका अतिरिक्त क्लब इजाजत नियमावलीले सो प्रणाली कुन कुन क्लबलाई लागू हुन्छ भन्ने खुलाउनेछ । न्यूनतम रुपमा क्लब इजाजत प्रणालीलाई खेल उत्कृष्टताका आधारमा ए.एफ्.सी. क्लब प्रतियोगितामा स्थान बनाउने माथिल्ला डिभिजन क्लबका हकमा लागू गर्नुपर्नेछ ।

## धारा ८ खेलको नियम

१. एन्फा तथा एशोसियसन फुटवलका सदस्यहरुले I.F.A.B. ले जारी गरेको खेलको नियम (Laws of the game) को पालना गर्नुपर्दछ । खेलको नियम (Laws of the game) जारी गर्ने, खारेज गर्ने वा संसोधन गर्न सक्ने अधिकार आइ.एफ्.ए.बी. मा निहित रहेकोछ ।

२. एन्फा तथा यस अन्तर्गतका सदस्यहरुले फुटसल खेलको नियम (Futsal Laws of the game) तथा बीच सकरको नियम (Beach Soccer Laws of the game) अनुसार फुटसल तथा बीच सकर खेल्न सक्नेछ । फुटसल खेलको नियम (Futsal laws of the game) तथा बीच सकर खेलको नियम (Beach Soccer Laws of the game) फिफाले मात्र संसोधन तथा थपघट गर्न सक्नेछ ।

## धारा ९ पदाधिकारीहरु तथा निकायहरुको आचरण

१. एन्फाका सबै निकाय र पदाधिकारीहरुले आफ्ना गतिबिधिहरुमा फिफा, ए.एफ्.सी. र एन्फाको विधान, नियम, निर्देशन, निर्णय र आचार संहिता पालना गर्नुपर्नेछ । एन्फाका सबै पदाधिकारीले आफ्नो कार्यभार शुरु गर्नु अगाडी यस बिधानको अनुसूची-४ बमोजिमको शपथमा हस्ताक्षर गर्नु पर्नेछ ।

२. एन्फाको क्षेत्राधिकार भित्रको भूभागमा फुटवल, फुटसल र बिच-सकर खेलसंग सम्बन्धित प्रत्येक ब्यक्ति र संस्थाले फिफा, ए. एफ्.सी., एन्फाको बिधान तथा नियमहरु तथा अन्य सम्बन्धित नियमहरुका साथै निष्पक्ष खेल (fair play), वफादारिता (loyalty), निष्ठा (integrity) खेल भावना (sportsmanship) को पालना गर्नु पर्नेछ ।

## धारा १० आधिकारिक भाषा

१. एन्फाको आधिकारिक भाषा नेपाली तथा अंग्रेजी भाषा हुनेछ । आधिकारीक दस्तावेजहरु तथा पाठहरु (texts) यीनै भाषाहरुमा लेखिनेछन् । भिन्न भिन्न भाषाको पाठहरु (texts) को व्याख्या गर्दा बिबाद उत्पन्न भएको खण्डमा नेपाली भाषामा लेखिएको पाठ (text) लाई आधिकारीक मानिनेछ ।

२. कंग्रेस (साधारण सभा) को आधिकारिक भाषा नेपाली हुनेछ ।

## धारा ११ सदस्यताको प्रबेश, निलम्बन तथा निश्कासन

१. कुनै पनि सदस्यलाई सदस्यता प्रदान गर्ने वा निलम्वन गर्ने वा निष्काशन गर्ने निर्णय कंग्रेस (साधारण सभा) ले गर्नेछ ।

२. यदि निवेदकले एन्फाले तोके बमोजिमका योग्यताहरु पुरा गरेमा निजलाई यस बिधान बमोजिम सदस्यता प्रदान गर्न सकिनेछ ।

३. राजिनामा वा निष्काशन पछि सदस्यता समाप्ती हुनेछ । सदस्यताको समाप्तीले एन्फा वा अन्य सदस्यहरुलाई तिर्नू बुझाउनु पर्ने आर्थिक दायित्वबाट मुक्त हुनेछैन तर एन्फाबाट प्राप्त हुने सवै प्रकारका हक अधिकारबाट वञ्चित रहनेछ ।

## धारा १२ सदस्यता

१ एन्फाका सदस्यहरु निम्नानुसार हुनेछन् ।

(क) शहिद स्मारक "ए" डिभिजन लिगका क्लवहरु,

(ख) एन्फा प्रेसिडेन्ट छनौट प्रतियोगिताको उत्कृष्ट चार क्लवहरु,

(ग) शहिद स्मारक "'बी" डिभिजन लिगका क्लवहरु,

(घ) शहिद स्मारक "'सी" डिभिजनका लिगका क्लवहरु,

(ङ) प्रदेश तथा जिल्ला फुटबल संघ,

(च) नेपाल फुटबल खेलाडी संघ,

(छ) नेपाल फुटबल रेफ्रि संघ,

(ज) नेपाल फुटबल प्रशिक्षक संघ र

(झ) नेपाल फुटबल महिला संघ आदी ।

खेलाडी, रेफ्री, प्रशिक्षक, महिला र प्रदेश तथा जिल्ला फुटबल संघको गठन विधानमा उल्लेखित व्यवस्था अनुसार निर्देशिका जारी गरी गरिनेछ ।

२. एन्फाको सदस्य बन्न इच्छुक कुनै पनि कानूनी व्यक्तिले सचिवालय (General Secretariat) ले निर्देशित गरेको फाराम भरी लिखित निवेदन एन्फा संचिवालयमा दिन सक्नेछ । कार्यसमितिले सदस्यताको लागी निर्देशिका जारी गरी गर्न सक्नेछ ।

तर त्यस्तो निर्देशिकामा यस बिधानमा उल्लेख गरे बाहेकका अन्य कुनै सदस्यता प्रबेशका आधार उल्लेख गर्न पाइनेछैन ।

३. निवेदनसंग तल उल्लेखित कागजातहरु अनिवार्य रुपमा संलग्न गर्नुपर्दछ ।

(क) कानूनी मान्यता प्राप्त विधान तथा नियमावली एक एक प्रती ।

(ख) एन्फा, फिफा, ए.एफ्.सी.को विधान, नियमावलीहरु तथा निर्णयहरुको सदैव सम्मान तथा पालना गर्ने, सो अर्न्तगतका सदस्यहरु लगायत क्लव, पदाधिकारीहरु र खेलाडिहरु समेतले सो को पालना गर्ने सुनिश्चितता सहितको प्रतिवद्ध घोषणापत्र ।

(ग) IFAB द्वारा जारी खेलको नियमका साथै फिफाद्वारा जारी बिच सकर लज् अफ द गेम (Beach Soccer Laws of the Game) तथा फुटसल लज् अफ द गेम (Futsal Laws of the Game) का पूर्णतया पालना गर्ने घोषणापत्र ।

(घ) फिफा, ए.एफ्.सी. र एन्फाको नियमावली अथवा बाध्यात्मक राष्ट्रिय कानूनले अदालतमा लैजानै पर्ने अवस्था सृजना गरेमा वा सहायताको लागि साधारण अदालतमा लैजान तोकिए बाहेकका अन्य अवस्थामा एन्फा, फिफा, ए.एफ्.सी.को विधान, नियमावली, निर्णयहरु तथा निर्देशिकाहरुको व्याख्या वा कार्यान्वयन सम्वन्धी बिषयबस्तुलाई सामान्य अदालतमा लगिने छैन भन्ने घोषणापत्र ।

(ङ) एन्फाको मध्यस्थता गर्ने निकाय तथा लुसान्ने (Lausanne) मा रहेको खेलकुद सम्बन्धी अदालत (CAS) लाई मान्दछु भनी कबोल गरिएको घोषणापत्र ।

(च) नेपालभित्र अवस्थित र दर्ता भएको घोषणापत्र ।

(छ) सम्पूर्ण आधिकारीक भौगोलिक क्षेत्रभित्र खेलिने खेल (home match) हरु नेपालभित्र रही खेल्न स्वीकार गरिएको घोषणापत्र ।

(ज) निबेदकले बाह्य निकायहरुसंग स्वतन्त्र हैसियतमा निर्णय गर्न सक्ने भन्ने ब्यहोरा उल्लेख भएको कानूनी लिखत सहितको घोषणापत्र ।

(झ) कानूनी रुपमा तेस्रो पक्षसंग सम्झौता गर्न सक्ने अधिकार भएको पदाधिकारीहरुको सूची ।

(ञ) एन्फाको पूर्व अनुमती लिएर मात्र मैत्रीपूर्ण खेलको आयोजना गर्ने वा सहभागिता जनाउँने घोषणापत्र ।

(ट) सवैभन्दा पछिल्लो बैधानीक वा कंग्रेस (साधारण सभा)को बैठकको निर्णय प्रतिलिपी ।

(ठ) यस बिधान, नियम, नियमावली, निर्देशिका तथा फिफा वा ए. एफ्. सी. को निर्णयसंग सम्बन्धीत कुनै अन्तर्राष्ट्रिय आयामको विवाद भएमा फिफा तथा ए. एफ्. सी. को बिधान अनुसार त्यस्तो विवाद (CAS) मा अन्तिम समयमा मात्र पेश गर्न सकिने भन्ने ब्यहोराको घोषणापत्र ।

(ङ) पूर्ण स्वतन्त्रताको प्रत्याभूत हुने किसिमको निर्वाचन वा नियुक्ति प्रक्रियाको कारण आफू अन्तर्गतका निकायमा सदस्य निर्वाचित वा नियुक्ति भएका हुन् भन्ने व्यहोराको घोषणपत्र ।

## धारा १३ सदस्यता प्रदान गर्ने कार्यबिधि

१. कार्यसमितिद्वारा स्वीकृत छुट्टै नियमावलीबाट सदस्यता प्रवेशको कार्य नियमन नियन्त्रण, सुपरिवेक्षण) गरिनेछ ।

२. कंग्रेस (साधारण सभा) द्वारा मात्र सदस्यता प्रदान गरिनेछ । कार्यसमितिले कुनै पनि निवेदकलाई सदस्यता दिन वा नदिनका लागि कंग्रेसलाई अनुरोध गर्नेछ । सिफारिस गर्ने, दिन वा नदिनको लागि स्वीकार गर्ने वा नगर्ने कंग्रेसले निर्णय गर्नेछ, कंग्रेस समक्ष पेश गरिएको निवेदनमा निवेदकले निवेदन दिनाको कारण स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

३. सदस्यता स्वीकार गरेपछी नयाँ सदस्यले तत्काल अधिकार तथा कर्तव्यको पालना गर्नुपर्दछ ।

## धारा १४ सदस्यहरुको अधिकार

१. एन्फाका सदस्यहरुको निम्न बमोजिमका अधिकारहरु हुनेछन् ।

(क) एन्फाको कंग्रेस (साधारण सभा) मा भाग लिने, बैठकको विषय सूचिहरु अग्रीम रुपमा प्राप्त गर्ने, तोकिएको समयमा कंग्रेस (साधारण सभा) मा उपस्थित हुने तथा मताधिकारको प्रयोग गर्ने,

(ख) कंग्रेस (साधारण सभा) मा छलफलको लागि बैठकको विषय सूचि (agenda) प्रस्ताव गर्ने,

(ग) एन्फाका सम्बन्धित निकायहरुमा निर्वाचन वा नियुक्तिका लागी उम्मेदवार मनोनयन गर्ने ।

(घ) एन्फाको गतिविधिहरु एन्फाकै आधिकारिक निकाय मार्फत जानकारी गराउने ।

(ङ) एन्फाद्वारा आयोजित प्रतियोगिताहरु (लागु हुने अवस्थामा मात्र) र अन्य खेलका प्रतियोगितामा भाग लिन सुनिश्चित गर्ने ।

(च) एन्फाको बिधान तथा नियमावलीबाट श्रृजित हुने सबै प्रकारका अधिकारहरुको अभ्यास गर्ने ।

२. माथि उल्लेखित अधिकारहरुको अभ्यास गर्दा यस एन्फा बिधान तथा नियमावलीहरुमा अन्यत्र व्यबस्था भएका प्रावधानहरुको अधिनमा रही गर्नु पर्नेछ ।

## धारा १५ सदस्यहरुको कर्तब्य

१. एन्फाका सदस्यहरुको निम्न बमोजिमका दायित्वहरु हुनेछन् ।

(क) फिफा, ए.एफ्.सी.र एन्फाको विधान, नियमावली, निर्देशिका तथा निर्णयहरुको सदैव पालना गर्ने तथा आफ्ना सदस्यहरु, क्लवहरु, पदाधिकारीहरु तथा खेलाडीहरुले समेत पालना गरेको सुनिश्चिता गर्ने ।

(ख) निर्णय गर्ने निकायहरुको चुनावको सुनिश्चितता गर्ने (घटीमा प्रत्येक चार बर्षमा) ।

(ग) एन्फाद्वारा आयोजित प्रतियोगिता वा अन्य खेल गतिविधिहरुमा उचित भए सम्म भाग लिने ।

(घ) सदस्यता शुल्क भुक्तान गर्ने ।

(ङ) I.F.A.B. ले निर्देश गरे बमोजिमको खेलको नियम (Laws of the game) को आदर गर्ने तथा फिफाले अनुशरण गरे अनुसार वीच सकर खेलको नियम (Beach Soccer laws of the game), फुटसल खेलको नियम (Futsal laws of the game) को पालना गर्ने साथै आफ्ना सदस्यहरु, क्लबहरु, पदाधिकारीहरु, खेलाडीहरुले विधानमा ब्यवस्था भए बमोजिम यी कुराहरुलाई आदर गरिएको कुरा सुनिश्चित गर्ने ।

(च) आफै वा कुनै सदस्य संलग्न भएको विवादमा मध्यस्थताको आवश्यकता पर्ने अवस्थामा फिफा, ए.एफ्.सी. र एन्फाको विधान, नियम, निर्देशिका र निर्णयहरुका सम्बन्धमा फिफा तथा एन्फाको विधानमा व्यवस्था गरे बमोजिम खेलकुदको लागि

मध्यस्थता अदालत (Court of Arbitration for Sports) लुसान्ने, स्वीटजरल्याण्डमा पठाइनेछ, सो सम्बन्धि विवाद समान्य अदालतामा प्रवेश गर्न बन्देज गरिएको भन्ने व्यहोराको नियम अंगीकार गर्नेछ । तर यस्तो कार्यले बाध्यात्मक रुपमा पालना गर्नुपर्ने प्रचलित कानूनको उल्लंघन गरिनेछैन ।

(छ) यस विधानमा वा कुनै पनि नियममा भएको संसोधनको साथ साथै तेश्रो पक्षसंग कानूनी सम्झौता गर्न, हस्ताक्षर गर्न सक्ने अधिकारप्राप्त पदाधिकारी वा व्यक्तिहरुको सूचिको जानकारी एन्फालाई उपलब्ध गराउने ।

(ज) फिफा, ए.एफ्.सी. वा एन्फाले कारवाही गरी निलम्बन वा निष्काशन गरेका सदस्य वा निकायहरुसंग कुनै पनि प्रकारको खेल सम्बन्धी प्रकृतिको सम्बन्ध नराख्ने ।

(झ) बफादारिताको सिद्धान्त, सच्चरित्रता र असल खेल भावनाको विधानको प्रावधान अनुसार स्वच्छ खेलको (Fair play) प्रदर्शन गर्ने ।

(ञ) धारा १२ को उपधारा ३ मा निर्देशित गरिएका नगरी नहुने (mandatory item) कुराको आबद्धता अवधि भरी अवलोकन गर्ने ।

(ट) सदस्यहरुको अध्यावधिक लगत नियमित रुपले ब्यबस्थित गर्ने ।

(ठ) एन्फाको विधान बमोजिम तोकिएको प्रकृया अनुसार निर्माण भएको विधानको अनुमोदन गर्ने ।

(ड) फिफा, ए.एफ.सी. तथा एन्फाको विधान तथा नियमहरुबाट श्रृजना हुने सबै प्रकारका काम कर्तब्यहरुको पालना गर्ने ।

(ढ) आफ्नो कामकाजको स्वतन्त्र ढङ्गले ब्यवस्थापन गर्ने र यस बिधानको धारा १९ बमोजिम आफ्नो कामकाजमा कुनै तेश्रो पक्षबाट प्रभावित हुन नदिने कुराको प्रत्याभूत गर्ने ।

(ण) निर्वाचन वा नियुक्तिको पूर्ण स्वतन्त्रताको प्रत्याभूत गर्ने प्रक्रिया अनुसार आफु अर्न्तगतका निकायहरु निर्वाचित वा नियुक्त भएका छन् भन्ने कुराको सुनिश्चित गर्ने ।

(त) एन्फाको बिधान, नियम, नियमावली, निर्देशिका तथा फिफा वा ए. एफ.सी. को निर्णयसंग सम्बन्धीत कुनै अन्तर्राष्ट्रिय आयामको बिबाद भएमा फिफा तथा ए. एफ.सी. को बिधान अनुसार त्यस्तो बिबाद (CAS) मा अन्तिम समयमा (last instance) मात्र पेश गर्न सकिने भन्ने व्यवस्था अपनाउने ।

२. कुनै सदस्यद्वारा माथि उल्लेख गरिएका दायित्वहरुको उल्लंघन गरिएमा यस विधानमा भएको व्यबस्था अनुसार दण्ड गरिनेछ ।

३. तेश्रो पक्षको प्रभावका सम्बन्धमा सम्बन्धित सदस्यको कुनै दोष नभएको अवस्थामा पनि उपधारा १ को खण्ड (ढ) को उल्लंघन गरेमा सजाय (sanctions) को भागिदारी हुन पनि सक्छ । यस सम्बन्धमा आफ्ना निकायका सदस्यहरुको गम्भिर लापरबाही वा जानजान गरिएका गलत आचरण प्रति एन्फाका प्रत्येक सदस्य जिम्मेवार रहनेछन् ।

## धारा १६ निलम्बन

१. सदस्यलाई निलम्बन गर्ने अधिकार कंग्रेस (साधारण सभा) मा रहन्छ । कार्यसमितिले बारम्बार दायित्व उल्लंघन गर्ने, वा/र गम्भिर उल्लंघन गर्ने सदस्यलाई तत्काल लागु हुने गरी निलम्बन गर्न सक्नेछ । यस्तो निलम्बन कार्यसमितिले बीचैमा सम्बोधन नगरेमा आगामी कंग्रेस (साधारण सभा) हुने समयसम्म कायम रहनेछ ।

२. निलम्बन वैध हुनका लागी मतदान गर्न योग्य सदस्यहरुको प्रतिनिधित्व गर्ने प्रतिनिधिहरुको बहुमत (५०% भन्दा बढी) को उपस्थिति आबश्यक पर्नेछ । यस्तो निलम्बन साधारण सभामा उपस्थित मत दिन योग्य सदस्यहरु मध्ये २/३ (दुई तिहाई) बहुमतले पारित गरिनेछ । यदि पारित हुन नसकेमा निलम्बन स्वतः खारेज हुनेछ ।

३. निलम्बनमा परेको सदस्यले सदस्यको हैसियतले प्राप्त हुने सबै प्रकारका अधिकारहरु स्वतः गुमाउदछ । निलम्बित सदस्यसंग अन्य सदस्यहरुले खेलकुद सम्बन्धि कुनै करार गर्ने छैनन् । अनुशासनात्मक समितिले थप सजाय गर्न सक्नेछ ।

४. सदस्यहरुले एन्फाको खेल गतिविधिमा लगातार २ बर्षसम्म सहभागी नभएमा कंग्रेसमा भोट दिन पाउने छैन (निलम्बित हुनेछ) र यस्तो दायित्व पुरा नगरेसम्म त्यस्ता सदस्यको प्रतिनिधिहरु समेतले निर्बाचित हुन वा नियुक्त हुन पाउने छैनन् ।

## धारा १७ निष्कोशन

१. सदस्यलाई निष्काशन गर्ने अधिकार कंग्रेस (साभारण सभा) मा निहित रहेकोछ । निम्न अबस्थामा सदस्यलाई निष्काशन गर्न सकिनेछ :

(क) एन्फा प्रतिको आर्थिक दायित्व पुरा गर्न असमर्थ भएमा ।

(ख) फिफा, ए.एफ.सी. तथा एन्फाको विधान, नियमहरु, निर्देशिका अथवा निर्णयहरुको बारम्बार उल्लंघन गरेमा ।

(ग) फिफा, ए.एफ.सी. तथा एन्फाको नियमावली अथवा बाध्यात्मक कानूनी प्रावधान भएको अवस्थामा अथवा साधारण अदालतबाट न्यायको लागि सहारा लिनै पर्ने अबस्थामा बाहेक अन्य अबस्थामा बिबादको समाधानको लागि सामान्य अदालत गएमा ।

(घ) सदस्यको कानूनी अस्तित्व नभएमा वा नेपालको कानूनले निजको अस्तित्वको कानूनी मान्यता नदिएमा ।

(ङ) सदस्यले सदस्यता नविकरण नगराएमा ।

२. साधारण सभामा उपस्थित मतदान गर्न योग्य सदस्यहरु मध्येबाट २/३ (दुई तिहाई) मतद्धारा निष्कांशनको अनुमोदन गरिनुपर्दछ । साथै त्यस्तो प्रस्ताब मतदान गर्न योग्य मतदाता मध्ये २/३ (दुई तिहाई) मतद्धारा प्रस्ताव गरिनु पर्दछ ।

## धारा १८ राजिनामा

१. एन्फा सदस्यहरु आर्थिक बर्षको अन्त्यबाट लागु हुने गरी एन्फाबाट राजिनामा दिन सक्नेछन् । राजिनामा दर्ता गरी पठाईनुपर्दछ र राजिनामाको सुचना एन्फा सदस्यले आर्थिक बर्षको अन्त्य हुनुभन्दा ३ (तीन) महिना अगाडी सचिवालयमा पुर्‍याएको हुनुपर्दछ ।

२. राजिनामा प्राप्त गरिसके पछि कार्यसमितिले राजिनामा दिनुको आवश्यक कारण तथा उपलब्ध सबै माध्यमहरु प्रयोग गरी राजिनामा गर्न गईरहेका सदस्यहरुले एन्फाको वा एन्फाको सदस्यप्रतिको आर्थिक दायित्व पुरा गरेको छ वा छैन एकिन गर्ने ।

३. राजिनामा दिने मनशाय ब्यक्त गरेको सदस्यले एन्फा तथा एन्फाका अरु सदस्य प्रतिको आर्थिक दायित्व पुरा नगरेसम्म राजिनामा बैध मानिने छैन ।

## धारा १९ सदस्य तथा (सदस्यको) निकायहरुको स्वतन्त्रता सम्बन्धी

१. प्रत्येक सदस्यहरुले आफ्ना कार्यहरु तेस्रो पक्षको अनुचित प्रभाव र हस्तक्षेप बिना स्वतन्त्र ढंगले गर्नेछन् ।

२. सदस्यका निकायहरु निर्वाचित वा नियुक्त हुनेछन् । सदस्य संस्थाको विधानमा उल्लेख गरिने कार्यविधिले चुनाव वा नियुक्तीको पुर्ण ग्यारेण्टी गर्दछ ।

३. अन्तरिम कालको लागि समेत उपधारा २ मा उल्लेख गरिएको प्रकृया अनुसार निर्बाचित वा नियुक्त नभएका सदस्य संस्थाहरुलाई एन्फाद्धारा मान्यता दिइनेछैन ।

४. उपधारा २ मा उल्लेख गरिएको प्रकृया अनुसार निर्बाचित वा नियुक्त नभएका सदस्य संस्थाहरुले गरेको निर्णयलाई एन्फाले मान्यता दिनेछैन ।

## धारा २० क्लवहरु, लिगहरु, संघहरु तथा अन्य समूहहरुको स्तर

१. एन्फासंग आवद्ध सदस्यहरु एन्फा अर्न्तगत रहने तथा मान्यता प्राप्त हुनेछन् । यो बिधानले सदस्यहरुको अधिकारक्षेत्र तथा कर्तब्यहरु परिभाषित गर्दछ । फुटवल तथा सोसंग सम्बन्धित क्रियाकलाप जस्ता बिषयबस्तुमा सदस्यहरुले आफ्नो बिधान एन्फा समक्ष पेश गर्नु पर्नेछ । रेफ्री, अनुशासनिक बिषय, Anti-Doping, क्लवलाई ईजाजत दिने र खेलाडी दर्ता जस्ता कुराहरु बिशुद्ध एन्फाको क्षेत्राधिकारभित्र पर्दछ ।

२. एन्फाले मान्यता नदिएसम्म क्लबहरुले कुनै पनि प्रतियोगितामा भाग लिन पाउने छैनन् ।

३. एन्फासंग आबद्ध क्लबहरु, एशोसिएसन वा अर्को कुनै समुहले उनिहरुको सदस्यताको बारेमा कुनै पनि बिषयमा निर्णय गर्न स्वतन्त्र छन् । संस्थाको बनावट जस्तोसुकै भएपनि सबै संस्थाहरुले यो दायित्व बहन गर्नुपर्दछ ।

४. कुनै खेल वा प्रतियोगिताको इमान्दारिताको बारेमा जोखिम (integrity joepardise) देखिएको अबस्थामा प्राकृतिक वा कानूनी ब्यक्तिले (मुख्य वा सहायक कम्पनी) एक भन्दा बढि क्लब वा समुहलाई नियमन गर्नेछैन ।

## परिच्छेद २: मानार्थ पदवी

### धारा २१ मानार्थ पदवीहरु

१. फुटबल खेलमा उत्कृष्ट सेवा पुऱ्याउने कुनै पनि ब्यक्तिलाई बर्गीकृत गरी कंग्रेसले मानार्थ अध्यक्ष-१, बरिष्ठ मानार्थ उपाध्यक्ष-१ पदवीहरु प्रदान गर्न सक्नेछ ।

२. कार्यसमितिले यसको लागि प्रस्ताव गर्नेछ ।

३. मानार्थ अध्यक्ष तथा बरिष्ठ मानार्थ उपाध्यक्षले कंग्रेसमा सहभागी हुन पाउनेछन् । त्यस्ता मानार्थ पदवी भएका ब्यक्तिहरुले छलफल तथा बहसमा समाबेश हुन पाउनेछन् तर मताधिकार भने हुनेछैन ।

## परिच्छेद ३: प्रदेश तथा जिल्ला फुटवल संघ

### धारा २२ प्रदेश तथा जिल्ला फुटवल संघ

१. नेपालको कुनै पनि जिल्लामा प्रचलित कानून अनुसार एन्फाको अनुमति लिएर तोकिए बमोजिमको न्यूनतम मापदण्ड बमोजिम जिल्ला फुटवल संघ स्थापना गर्न सकिनेछ । जिल्ला फुटवल संघले जिल्ला तहमा कार्य गर्नेछ । यसरी गठित जिल्ला फुटवल संघहरुले एन्फामा आबद्धताको लागी बिधिपूर्वक निवेदन गरी स्वीकृति पश्चात मात्र एन्फाको सदस्य रहनेछन् । जिल्ला फुटवल संघले आफ्नो बिधान तथा अन्य नियम कानून बनाउँदा एन्फाको बिधान तथा अन्य नियम नियमावलीले निर्धारण गरेको आबश्यकता (requirement) तथा दायित्व अनुरुपको हुनुपर्नेछ ।

२. प्रत्येक जिल्ला फुटवल संघ अर्न्तगत दुई तहको लिग तथा कम्तीमा १० बटा फुटवल क्लव हुनुपर्दछ ।

३. जिल्ला फुटवल संघको गठन

जिल्ला फुटबल संघ निम्नअनुसार गठन हुनेछ ।

| | |
|---|---|
| अध्यक्ष | १ |
| उपाध्यक्ष | ३ |
| महिला सदस्य | १ |
| सदस्यहरु | १० |

महासचिव तथा कोषाध्यक्ष कार्यसमितिबाट मनोनित हुनेछन् ।

४ **प्रदेश फुटबल संघ**

नेपालको सातै प्रदेशमा प्रदेश फुटबल संघ स्थापना गरीनेछ । प्रदेश फुटबल संघले प्रदेश भरीका जिल्लासंग समन्वय गरी कार्य गर्नेछ । तसर्थ यसरी स्थापना भएको प्रदेश फुटबल संघं एन्फा अर्न्तगत रहनेछ । प्रदेश फुटबल संघले आफ्नो विधान बनाउदा एन्फाको विधानसंग बाझिने गरी बनाउन हुदैन ।

(क) **प्रदेश स्तरिय लिग**

(१) एन्फाको स्वीकृति लिई सबै प्रदेश फुटबल संघले बार्षिक रुपमा प्रदेश स्तरको लिगको प्रतियोगिता गर्नुपर्दछ ।

(२) लिगमा जिल्ला तहका छनौट क्लबहरुका बीचमा प्रतिस्पर्धा हुनेछ । एन्फाले बिस्तृत ब्यबस्था सहितको एउटा छुटै निर्देशिका तयार गर्नेछ, जसमा सहभागी जिल्ला/क्लबहरुको अधिकार तथा कर्तब्य, खेल तथा खेलाडीहरुको स्तर (मर्यादा) र अन्य आवश्यक नीति नियम (यस्तै अन्य आवश्यक देखिएका कुराहरुलाई समेटी) जारी गर्नेछ । सम्पुर्ण प्रदेश फुटबल संघहरुले एन्फाद्वारा जारी गरिएको निर्देशनको पालना गर्नुपर्दछ ।

(ख) **प्रदेश फुटबल संघको साधारण सभा**

१. साधारण सभाको बैठक प्रत्येक बर्ष सम्पन्न गर्नुपर्नेछ ।

२. कार्यसमितिले मिति, समय र स्थान तोक्नेछ । सो को जानकारी प्रदेशमा गठन भएका जिल्लाहरुलाई गराउनेछ ।

३. प्रदेश फुटबल संघको साधारण सभामा प्रदेश भरी बिधिवत रुपमा गठन भएका जिल्लाहरुबाट १ जना मताधिकार सहित प्रदेश संघले तोके अनुसार प्रतिनिधि रहनेछन् ।

४. साधारण सभाको बैठक हुनुभन्दा घटिमा पनि १० दिन अगाडि लिखित रुपमा औपचारिक आह्वान गर्नेछ ।

५. कार्यसमिति निम्नअनुसार गठन हुनेछ :

अध्यक्ष १ जना

उपाध्यक्ष ३ जना

सदस्यहरु ११ जना (१ जना महिला अनिवार्य) साथै महासचिव र कोषाध्यक्ष कार्यसमितिले मनोनयन गर्नेछ ।

(ग) प्रदेशको गठन एन्फा सदस्य भएका जिल्लाहरुको परामर्शमा एन्फाले तदर्थ समिति गठन गर्नेछ । उक्त समितिले ६ महिना भित्र साधारण सभाको आयोजना गरी नयां कार्यसमिति निर्वाचित गर्नु पर्नेछ ।

(घ) एन्फा साधारण सभामा मताधिकार तथा प्रतिनिधि हुनको लागि पनि प्रदेश साधारण सभाले निर्वाचित गर्नेछ । उक्त निर्वाचनमा व्यक्ति नभई जिल्ला फुटबल संघ उम्मेदवार हुनेछ । जिल्ला निर्वाचित भईसकेपछि जिल्ला फुटबल संघको कार्यसमितिले आफ्नो पदाधिकारी मध्येबाट प्रतिनिधि छनोट गर्नेछ । प्रदेश फुटबल संघको साधारण सदस्य एन्फा आबद्ध जिल्ला फुटबल संघ मात्र रहनेछ । नयाँ जिल्ला फुटबल संघ गठन गर्दा प्रदेश फुटबल संघको रोहबरमा हुनुपर्नेछ ।

(ङ) एन्फा साधारण सभामा प्रदेश तथा जिल्ला फुटबल संघबाट धारा २६(१) को (घ) अनुसारको प्रतिनिधिहरु रहनेछन् ।

(च) अन्य आवश्यक प्रावधानहरु प्रदेश फुटबल संघको विधानमा व्यवस्था गरी लागु गरिनेछ ।

५. **प्रदेश अर्न्तगत रहने जिल्ला:**

(क) प्रदेश नं. १: ताप्लेजुङ्ग, पाँचथर, इलाम, संखुवासभा, तेह्रथुम, धनकुटा, भोजपुर, खोटाङ्ग, सोलुखुम्बु, ओखलढुङ्गा, उदयपुर, झापा, मोरङ्ग र सुनसरी जिल्ला ।

(ख) प्रदेश नं. २: सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा जिल्ला ।

(ग) बागमती प्रदेश: दोलखा, रामेछाप, सिन्धुली, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, धादिङ्ग, चितवन, मकवानपुर, भक्तपुर, ललितपुर र काठमाण्डौ जिल्ला ।

(घ) गण्डकी प्रदेश: गोरखा, स्याङ्गजा, लम्जुङ्ग, तनहुँ, कास्की, म्याग्दी, पर्वत, मनाङ, मुस्ताङ, बागलुङ्ग, र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) ।

(ङ) लुम्बिनी प्रदेश : नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रुपन्देही, कपिलबस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, रुकुम (पूर्वी भाग), रोल्पा, प्युठान, दाङ्ग, बाँके र बर्दिया जिल्ला ।

(च) कर्णाली प्रदेश : रुकुम (पश्चिम भाग), सल्यान, डोल्पा, जुम्ला, मुगु, हुम्ला, कालिकोट, जाजरकोट, दैलेख र सुर्खेत जिल्ला ।

(छ) सुदुरपश्चिम प्रदेश : बाजुरा, बझाङ्ग, डोटी, अछाम, दार्चुला, बैतडी, डडेल्धुरा, कञ्चनपुर र कैलाली जिल्ला ।

## परिच्छेद ४: निकाय

### धारा २३ निकाय

१. कंग्रेस (साधारण सभा) सर्वोच्च तथा व्यवस्थापकिय निकाय हो ।

२. कार्यसमिति रणनीतिक तथा निरिक्षणकारी निकाय हो ।

३. स्थायी तथा तदर्थ समितिले कार्यसमितिलाई जिम्मेवारी पुरा गर्न सहयोग गर्नेछ । स्थायी तथा तदर्थ समितिको काम, कर्तब्य, बनावट तथा कार्यहरु बिधानमा परिभाषित गरिए बमोजिम वा कार्यसमितिले नियमावली वा निर्देशिका तथा कार्यबिधी तयारी गरी गर्नेछ ।

४ सचिवालय प्रशासकिय निकाय हो ।

५ स्वतन्त्र समितिहरुले आफ्नो काम यस बिधान तथा उपर्युक्त नियम-नियमावली बमोजिम गर्नेछन् । निर्वाचन समिति, लेखापरिक्षण र अनुपालन समिति तथा न्यायिक निकायहरु स्वतन्त्र समितिका रुपमा रहनेछन् ।

६ एन्फा आफैले वाह्य प्रभाव (हस्तक्षेप) बिना र यस बिधानमा उल्लेख गरिएका प्रकृया अनुसार एन्फाका निकायहरु निर्वाचित गर्ने वा नियुक्त गर्नेछ । सदस्य संस्था निकायमा नियुक्त हुन फौजदारी अपराधमा सजाय पाईसकेको ब्यक्ति यस्तो पदको लागि योग्य हुनेछैन ।

७ क्लबलाई इजाजतपत्र दिने निकाय एन्फामा क्लब इजाजत प्रणाली (लाइसेन्सिङ्ग सिस्टम) को प्रमुख भई कार्य गर्नेछ ।

८ निर्वाचन समिति निर्वाचन प्रकृयाको लागि चुनावको ब्यवस्था गर्ने तथा निरीक्षण प्रमुख भई कार्य गर्नेछ ।

९ एन्फाको कुनै पनि सदस्यले छलफलमा भाग लिंदा वा निर्णय प्रकृयामा भाग लिंदा स्वार्थको द्वन्द (conflict of interest) हुने सम्भावना देखिएमा तत्काल यस्तो कार्यबाट पछि हट्नुपर्दछ । बिशेष रुपमा एन्फा अर्न्तगतका निकायका सदस्यहरुले सधै फिफाको स्वार्थको द्वन्द सम्बन्धी आचार संहिताका सम्बन्धित प्राबधानहरुमा सचेत रहि सोको पालना गर्दै आफ्नो आचरणलाई सो अनुसार समायोजन गर्नु पर्नेछ । उदाहरणका लागी आफ्नो कर्तब्य पूरा गर्नबाट अलग रहने, सम्भावित चासोको बिबादमा संयोजकलाई सूचित गर्ने आदी ।

## धारा २४ निर्वाचित वा मनोनित हुने ब्यक्तिको योग्यता

१ अन्य कुनै खेल संघको पदाधिकारी एकै पटक अखिल नेपाल फुटवल संघ वा प्रदेश फुटवल संघ वा जिल्ला फुटवल संघको पदाधिकारी हुन सक्नेछैन ।

२ एन्फा वा प्रदेश फुटवल संघ वा जिल्ला फुटवल संघमा निर्वाचित वा मनोनित हुन २५( पच्चिस) देखि ७० (सत्तरी) बर्ष सम्मको ब्यक्ति योग्य मानिनेछ ।

३ देहायको ब्यक्ति एन्फा वा प्रदेश फुटवल संघ वा जिल्ला फुटवल संघमा निर्वाचित वा मनोनित हुन सक्नेछैन ।

(क) गैर नेपाली नागरिक,

(ख) राजस्व, सार्वजनिक वा सरकारी सम्पत्ति हिनामिना गरेको प्रमाणित भएको,

(ग) एन्फा र परिषदबाट लिएको रकम बेरुजु फछ्र्यौट गर्न बाँकी रहेको,

(घ) एन्फा र परिषदको कर्मचारी वा प्रशिक्षक रहेको,

(ङ) भ्रष्ट्राचार, जर्वजस्ती करणी, मानव बेचबिखन तथा ओसार पसार, लागुऔषध बिक्रि बितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धिकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर, संङ्गठित अपराध वा नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय पाएको वा अन्य कुनै फौजदारी कसूरमा एक बर्ष वा सो भन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएकोमा,

(च) राष्ट्रको प्रतिनिधित्व गरी बिदेश गएकोमा भागेको र पछि फर्केर आएको प्रमाणित भएमा,

(छ) खेलाडीलाई यौन दुर्व्यवहार गरेको प्रमाणित भएमा ।

## परिच्छेद ५: कंग्रेस

### धारा २५ कंग्रेस (साधारण सभा)

१. एन्फाका सबै सदस्यहरु नियमित रुपमा भेला हुने कंग्रेस (साधारण सभा) एउटा बैठक हो । यसले एन्फाको सबैभन्दा उच्च तथा व्यबस्थापकिय अधिकारको प्रतिनिधित्व गर्दछ । लैङ्गिक समानतालाई ध्यानमा राखी प्रतिनिधित्व प्रणालीको सिद्धान्त अनुसार यसको गठन गरिएको छ । औपचारिक रुपमा बोलाइएको कंग्रेस (साधारण सभा) लाई मात्र आधिकारिक निर्णय गर्ने अधिकार हुन्छ ।

२. कंग्रेस (साधारण सभा) नियमित साधारण सभा वा बिशेष साधारण सभा (extra-ordinary congress) हुन सक्दछ ।

३. अध्यक्षले कंग्रेस (साधारण सभा) को स्थायी ब्यवस्था (standing order) अनुसार साधारण सभाको कार्य सम्पादन गर्दछ ।

४. साधारण सभाले पर्यवेक्षक नियुक्त गर्न सक्नेछ । जसले साधारण सभामा भाग लिन पाउँछ तर छलफल गर्न वा मतदान गर्न पाउने छैन ।

५ मानार्थ अध्यक्ष तथा वरिष्ठ उपाध्यक्षले कंग्रेसमा सहभागी हुन पाउनेछन् । त्यस्तो मानार्थ पदवी भएका व्यक्तिहरुले छलफल तथा बहसमा समावेश हुन पाउनेछन् तर मताधिकार भने हुनेछैन ।

६ असाधारण परिस्थितिका कारण भौतिक रुपमा कंग्रेस (बैठक) सम्पन्न हुन नसकेमा ईन्टरनेटको माध्यमबाट अनलाईन (Online) प्रबिधि मार्फत कंग्रेस सञ्चालन गर्न सकिनेछ ।

तर चुनाव हुने कंग्रेस (elective congress) भने अनलाईन मार्फत सञ्चालन गर्न सकिनेछैन ।

## धारा २६ प्रतिनिधि तथा मताधिकार

१ हाल ९२ जना मताधिकार प्राप्त सदस्यहरुबाट कंग्रेस गठन भएको छ । कंग्रेसमा प्रतिनिधित्व गर्ने प्रत्येक सदस्यसंग १ (एक) भोट रहनेछ । साथै कंग्रेसमा प्रतिनिधित्व गर्ने प्रत्येक सदस्यले बढीमा २ (दुई) जना प्रतिनिधि सहभागी गराउन पाउनेछ । मतको संख्या निम्न अनुसार छुट्टाईएको छ :

(क) शहिद स्मारक लिग "ए" डिभिजनका क्लवहरुबाट १४ भोट ।

(ख) शहिद स्मारक लिग "बी" डिभिजनका क्लवहरुबाट ११ भोट ।

(ग) शहिद स्मारक लिग "सी" डिभिजनका क्लवहरुबाट ९ भोट ।

(घ) ७७ जिल्ला मध्ये:

अ) प्रदेश नं. १ अर्न्तगतका एन्फामा आबद्ध जिल्ला फुटवल संघहरु मध्येबाट फरक फरक जिल्ला फुटवल संघबाट प्रतिनिधित्व हुने गरी १० जिल्ला फुटवल संघहरुबाट कुल १० भोट ।

आ) प्रदेश नं. २ अर्न्तगतका एन्फामा आबद्ध जिल्ला फुटवल संघहरु मध्येबाट फरक फरक जिल्ला फुटवल संघबाट प्रतिनिधित्व हुने गरी ८ जिल्ला फुटवल संघहरुबाट कुल ८ भोट ।

इ) बागमती प्रदेश अर्न्तगतका एन्फामा आबद्ध जिल्ला फुटवल संघहरु मध्येबाट फरक फरक जिल्ला फुटवल संघबाट प्रतिनिधित्व हुने गरी ११ जिल्ला फुटवल संघहरुबाट कुल ११ भोट ।

ई) गण्डकी प्रदेश अर्न्तगतका एन्फामा आबद्ध जिल्ला फुटवल संघहरु मध्येबाट फरक फरक जिल्ला फुटवल संघबाट प्रतिनिधित्व हुने गरी ६ जिल्ला फुटवल संघहरुबाट कुल ६ भोट ।

उ) लुम्बिनी प्रदेश अर्न्तगतका एन्फामा आबद्ध जिल्ला फुटवल संघहरु मध्येबाट फरक फरक जिल्ला फुटवल संघबाट प्रतिनिधित्व हुने गरी ७ जिल्ला फुटवल संघहरुबाट कुल ७ भोट ।

ऊ) कर्णाली प्रदेश अर्न्तगतका एन्फामा आबद्ध जिल्ला फुटवल संघहरु मध्येबाट फरक फरक जिल्ला फुटवल संघबाट प्रतिनिधित्व हुने गरी ४ जिल्ला फुटवल संघहरुबाट कुल ४ भोट ।

ए) सुदुरपश्चिम प्रदेश अर्न्तगतका एन्फामा आबद्ध जिल्ला फुटवल संघहरु मध्येबाट फरक फरक जिल्ला फुटवल संघबाट प्रतिनिधित्व हुने गरी ४ जिल्ला फुटवल संघहरुबाट कुल ४ भोट ।

(ङ) नेपाल फुटबल खेलाडी संघबाट कुल १ भोट ।

(च) नेपाल फुटबल रेफ्री संघबाट कुल १ भोट ।

(छ) नेपाल फुटबल प्रशिक्षक संघबाट कुल १ भोट ।

(ज) नेपाल फुटबल महिला संघबाट कुल १ भोट ।

(झ) एन्फा प्रेसिडेन्ट कपबाट राष्ट्रिय लिगमा छनौट हुने उत्कृष्ट ४ क्लवबाट प्रत्येक क्लवलाई १ भोट (कुल ४ भोट) ।

२. प्रतिनिधिहरु आफनो सदस्य संस्थाकै प्रतिनिधिहरु मध्येबाट हुनुपर्दछ र यस्ता प्रतिनिधिहरु सदस्य संस्थाको सम्बन्धित निकायका निर्बाचित वा मनोनित हुनुपर्दछ । साथै आवश्यक भएमा माग अनुसार सदस्य संस्थाले प्रमाण पेश गर्नु सक्नु पर्नेछ

३. उपस्थित सदस्यहरुले मात्र मतदान गर्न पाउँछन । वारेशनामा मार्फत वा पत्रद्वारा मतदान गर्न पाइनेछैन ।

४. सम्पुर्ण प्रतिनिधिहरुले सचिवालयबाट तोकिएको ढाँचा/ अनुसार जारी गरिएको टेम्प्लेटमा लेखिएको आधारमा सदस्यता मनोनयन पत्र साथमा बोकेको हुनुपर्दछ ।

५. कार्यसमिति तथा महासचिव, प्रमुख कार्यकारी अधिकृत, कोषाध्यक्ष, सहायक महासचिव, सहायक प्रमुख कार्यकारी अधिकृत, सहायक कोषाध्यक्ष साधारण सभामा विना मताधिकार सहभागी बन्न सक्नेछन् । कार्यसमितिका सदस्यहरु, उनिहरुको कार्यकालभरी उनिहरुको सदस्य संस्थाको प्रतिनिधि नियुक्त हुन पाउने छैनन् ।

## धारा २७ कंग्रेस (साधारण सभा)को अधिकार क्षेत्र

कंग्रेस (साधारण सभा) लाई देहाय अनुसारको अधिकारक्षेत्र हुनेछ ।

(क) कंग्रेस (साधारण सभा) को स्थायी व्यवस्था (standing order) अनुसार विधान ग्रहण गर्नु वा संसोधन गर्नु ।

(ख) बैठकको निर्णय चेकजाँच गर्न वा पछिल्लो बैठकको निर्णय स्वीकृत गर्नको लागि तीन जना सदस्यहरुको नियुक्त गर्नु ।

(ग) कार्यसमितिका अध्यक्ष, उपाध्यक्षहरु र सदस्यहरुको निर्वाचन गर्ने ।

(घ) अनियमितताको प्रश्नमा मतपत्र जाँच्ने अधिकारी नियुक्त गर्ने ।

(ङ) लेखापरिक्षण स्वीकृत गर्ने ।

(च) बार्षिक बजेट स्वीकृत गर्ने ।

(छ) कार्यक्रम गतिविधि प्रतिवेदन स्वीकृत गर्ने ।

(ज) कार्यसमितिद्वारा प्रस्ताव गरिएको स्वतन्त्र लेखा परिक्षकको नियुक्त गर्ने ।

(झ) कार्यसमितिको सिफारिसमा सदस्यता सम्बन्धी शुल्क निर्धारण गर्ने ।

(ञ) कार्यसमितिबाट सिफारिस गरिएको नियमावलीहरु पारित वा संसोधन गरी अनुमोदन गर्ने ।

(ट) सदस्यता प्रदान गर्ने, निलम्बन वा निष्कासन गर्ने ।

(ठ) एन्फाका सदस्य निकायहरुको एक वा एक भन्दा बढि सदस्यहरुको बर्खास्ती गर्ने ।

(ड) एन्फा भंग गर्ने ।

(ढ) कार्यसमितिद्वारा सिफारिस गरे बमोजिम स्वतन्त्र समितिहरुमा (निर्वाचन समिति, लेखापरिक्षण तथा अनुपालन समिति र न्यायीक समितिहरु) सदस्यहरु निर्वाचित गर्ने ।

## धारा २८ कंग्रेस (साधारण सभा) को गणपुरक संख्या

१. कंग्रेस (साधारण सभा) ले पारित गरेको निर्णय साधारण सभामा उपस्थित मतदान गर्न योग्य सदस्यहरु मध्ये बहुमत सदस्यहरु (५०% भन्दा बढि) उपस्थित भएमा मात्र बैध हुनेछ ।

२. पहिलो पटकमा यदि गणपुरक संख्या पुग्न नसकेमा उही बिषयवस्तुमा आधारित भई २४ घन्टा भित्र कंग्रेस (साधारण सभा) को बैठक फेरि बस्न सक्नेछ ।

३. बैठकको बिषयबस्तुमा (agenda) एन्फाको विधान संसोधन गर्ने, कार्यसमितिका अध्यक्ष, उपाध्यक्ष तथा सदस्यहरुको निर्बाचन, एन्फाका एक वा एक भन्दा बढि सदस्यहरुको सदस्यता खारेजी, एन्फाका सदस्यहरुको निष्कासन वा बर्खास्ती वा एन्फा भंग गर्ने बिपयसूचि (agenda) बाहेकको अन्य बिषयसूचि (agenda) मा निर्णय गर्न दोस्रो पटक बसेको बैठकमा गणपुरक संख्याको आबश्यकता पर्नेछैन ।

## धारा २९ कंग्रेस (साधारण सभा) को निर्णय

१. मतदानद्वारा निर्णय गरिनुपर्ने आवश्यकता देखिएको अबस्थामा हात उठाएर वा विद्युतिय गणनाद्वारा गर्न सकिन्छ । हात उठाउदा प्रस्तावको पक्षमा स्पष्ट बहुमत नदेखिएमा बर्णानुक्रममा नाम बोलाएर मतदान गराइनेछ । बिधानमा अन्यथा उल्लेख गरिएकोमा बाहेकका निर्णयलाई बैध गराउनको लागि बहुमत भए प्रर्याप्त हुनेछ । बहुमतको गणना गर्दा खाली मतपत्र, गलत मतदान, वा कुनैं तरिकाले बिद्युतिय माध्यमबाट अवैधानिक हेरफेर ( Manipulate) गर्नुको साथै अनुपस्थितलाई अमान्य तथा गणना गरिने छैन ।

## धारा ३० अर्डिनरी कंग्रेस (साधारण सभा)

१. अर्डिनरी कंग्रेस (साधारण सभा) को बैठक प्रत्येक बर्ष सम्पन्न गरिनेछ ।

२. कार्यसमितिले मिति, समय तथा स्थान तोक्नेछ । सो को जानकारी घटिमा ३५ दिन अगाडि सदस्यहरुलाई गराइनेछ ।

३. कंग्रेस (साधारण सभा) को बैठक हुनुभन्दा घटिमा पनि ७ दिन अगाडि लिखित रुपमा औपचारिक आह्वान गरिनेछ । सो आह्वान पत्रमा बैठकको बिषयसूचि, अध्यक्षको कार्य प्रगती प्रतिबेदन, आर्थिक बिबरण तथा लेखा परिक्षकको प्रतिबेदन र अन्य सम्बन्धित दस्ताबेजहरु संलग्न गरिनेछन् ।

## धारा ३१ अर्डिनरी कंग्रेस (साधारण सभा) को बिषय सूचि

१. कार्यसमिति तथा सदस्यहरुले पेश गरेको प्रस्तावको आधारमा महासचिवले बिषयसूचिहरु तयार गर्नेछ । कुनै पनि सदस्यले साधारण सभामा बिषयसूचिहरु पेश गर्न चाहेमा संक्षिप्त सारांश सहित सभा शुरु हुनुभन्दा २१ (एक्काईस) दिन अगाडि सचिवालयमा पठाउनु पर्दछ ।

२. अर्डिनरी कंग्रेस (साधारण सभा) मा निम्नअनुसारका बिषयसूचिहरु अनिबार्य रुपमा समावेश गरिनुपर्दछ ।

(क) साधारण सभा एन्फाको बिधानको प्रकृया अनुसार बोलाइएको घोषणा ।

(ख) बिषयसूचिको स्वीकृती ।

(ग) अध्यक्षको सम्बोधन ।

(घ) निरिक्षकहरुको नियुक्ती ।

(ङ) बैठकको निर्णय पुस्तिका तयार गर्न तथा यस भन्दा अगाडिको बैठकको निर्णय स्वीकृतीको लागि सदस्यहरुको नियुक्ती ।

(च) सदस्यको निलम्बन वा निष्काशन (यदि भएमा) ।

(छ) यस भन्दा अगाडिको कंग्रेस (साधारण सभा) को बैठकको निर्णय स्वीकृत गर्ने ।

(ज) कार्यप्रगती प्रतिबेदन (अघिल्लो साधारण सभाको बैठक देखि हालसम्म)

(झ) एकिकृत तथा पुनराबलोकन गरिएको वासलात तथा नाफा नोक्सान विवरणको प्रस्तुती ।

(ञ) लेखापरिक्षण (audited financial statements) तथा बजेट स्वीकृती ।

(ट) बिधानको संसोधन प्रस्तावमा मतदान भएमा कंग्रेस (साधारण सभा) को स्थायी व्यवस्था (standing order) अनुसार (यदि भएमा ।

(ठ) कार्यसमिति तथा सदस्यहरुले माथि उपधारा १ मा उल्लेख गरिएको प्रकृया अनुसार पेश गरेको प्रस्ताव उपर छलफल ।

(ड) कार्यसमितिको सिफारिसमा स्वतन्त्र लेखा परिक्षकको नियुक्ती (यदि भएमा) ।

(ढ) कुनै निकायको सदस्यको बर्खास्ती (यदी भएमा) ।

(ण) स्वतन्त्र समितिहरुका (लेखापरिक्षण तथा अनुपालन समिति, निर्वाचन समिति र न्यायिक निकायहरु) सदस्यहरुको (यदी लागु हुने भएमा) निर्वाचन ।

(त) अध्यक्ष, उपाध्यक्ष तथा कार्यसमितिका सदस्यहरुको (यदि भएमा) निर्वाचन ।

(थ) सदस्यता प्रवेश (स्वीकृती दिने) सम्बन्धमा (यदि लागु हुने भएमा) ।

(द) एन्फाका कार्यसमिति वा सदस्यहरुले प्रस्ताव गरेका अन्य बिषयहरु ।

३. बिषय सूचिमा समावेश नगरिएका कुनै पनि बुँदामा कंग्रेस (साधारण सभा)ले निर्णय गर्ने छैन ।

४. कंग्रेस (साधारण सभा) मा पेश गरिने बिषयसूचिमा थपघट गर्न सकिनेछ ।

तर मतदान गर्न योग्य प्रतिनिधिहरु मध्ये २/३ (दुई तिहाई) प्रतिनिधिहरुले यस्तो प्रस्ताव मञ्जुर गरेको हुनुपर्नेछ ।

## धारा ३२ कंग्रेस (साधारण सभा)को स्थायी ब्यवस्था (Standing order) तथा बिधानमा संशोधन

१. साधारण सभाको स्थायी व्यवस्था (Standing order) तथा बिधानमा संसोधन कंग्रेस (साधारण सभा) ले मात्र गर्न सक्नेछ ।

२. बिधानमा संसोधन गर्नको लागि बिषयसूचि पठाउने कार्यसमिति वा सदस्यहरुले छोटो सारांश सहित सचिवालयमा पेश गर्नुपर्दछ । सदस्यद्वारा पेश गरिएको बिषयसूचि बैध हुन्छ । तर त्यस्तो बिषयसूचि अर्को एकजना सदस्यले समर्थन गरेको हुनुपर्दछ ।

३. बिधान संसोधन गर्न मत बैध हुनको लागि मतदान गर्न योग्य ५०% भन्दा बढी सदस्यहरुको उपस्थिति अनिवार्य छ ।

४. विधान स्वीकृतिको लागि पेश गरिएको प्रस्ताव मत दिन योग्य उपस्थित सदस्यहरु मध्ये २/३ (दुई तिहाई) सदस्यहरुले मञ्जुर गरेमा मात्र स्वीकार गरिनेछ ।

५. कंग्रेस (साधारण सभा) को स्थायी व्यवस्था (standing order) संसोधन गर्नको लागि कार्यसमितिका सदस्यहरुद्वारा पठाइने प्रस्ताव लिखित रुपमा छोटो व्याख्या सहित सचिवालयमा पठाउनुपर्दछ ।

६. कंग्रेस (साधारण सभा) को स्थायी व्यवस्था (standing order) संसोधन प्रस्ताव मत दिन योग्य उपस्थित सदस्यहरु मध्ये ५०% भन्दा बढि सदस्यहरुले मतदान गरेमा मात्र स्वीकार गरिनेछ ।

## धारा ३३ निर्वाचन

१. कार्यसमितिको निर्वाचन पद अनुसार गरिनेछ । कार्यसमितिको प्रत्येक पदका लागी संख्या अनुसारको प्रस्तावक र समर्थक बस्न पाउनेछ ।

२. एन्फाको निर्वाचन समितिद्वारा निर्वाचन नियमावली बमोजिम एन्फा तथा एन्फाका सदस्यहरुको निर्वाचन गरिनेछ ।

३. अध्यक्षको निर्वाचनको लागि खसेको मतको बहुमत (५०% भन्दा बढि) प्राप्त गर्नु पर्दछ । अध्यक्ष पदका लागि यदि दुई भन्दा बढि उम्मेदवार भएमा सबै भन्दा कम मत प्राप्त गर्ने उम्मेदवार प्रतिष्पर्धाबाट बाहिरिदै जानेछ । दोस्रो पटकको मतदान देखि यो क्रम दुई मात्र उम्मेदवार बाँकी रहदासम्म जारी रहनेछ ।

४. कार्यसमितिका अध्यक्ष बाहेकको सबै पदहरुको निर्वाचन हुंदा पद अनुसार सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवारहरु निर्वाचित हुनेछन् ।

५. एन्फाका अन्य निकायहरुका संयोजक, उपसंयोजक तथा सदस्यहरुको निर्वाचन (उदाहरणको लागि निर्वाचन समिति, लेखापरिक्षण तथा अनुपालन समिति (Compliance committee), न्यायिक निकायहरु) मा स्वतन्त्र पदहरुमा सबैभन्दा बढि मत प्राप्त गर्ने उम्मेदवार वा उम्मेदवारहरुको सूचिलाई निर्वाचित भएको मानिनेछ ।

६ मत बराबर भएको अवस्थामा तोकिएको पदको लागि उम्मेदवार निर्वाचित नभएसम्म नियमित व्यवस्था अनुसार नयाँ मतदान जारी रहनेछ ।

## धारा ३४ कंग्रेस (साधारण सभा) बैठकको निर्णय

१. कंग्रेस (साधारण सभा) को बैठकको निर्णय लेख्ने जिम्मेवारी महासचिवको हुनेछ । सो लेखबद्ध निर्णयलाई तोकिएका सदस्यहरुले जाँच गरेपछि मात्र आगामी साधारण सभाले स्वीकृत गर्नेछ ।

२. कंग्रेस (साधारण सभा) को बैठक समाप्तीमा निर्णयहरु लेखी १ (एक) महिनाभित्र साधारण सभाले तोकेको प्रतिनिधिहरुबाट बन्द गरी साधारण सदस्यहरुलाई जानकारी गराउनुपर्नेछ ।

## धारा ३५ निर्णय लागु हुने मिति

कंग्रेस (साधारण सभा) द्वारा पारित निर्णय यस बिधानमा अन्यथा उल्लेख गरिएकोमा बाहेक वा कंग्रेस (साधारण सभा) ले लागु हुने मिति तोकिएकोमा बाहेक सदस्यहरुको हकमा कंग्रेस (साधारण सभा) को बैठक समाप्त भए लगतै देखि लागु हुनेछ ।

# परिच्छेद ६: बिशेष कंग्रेस

## धारा ३६ बिशेष कंग्रेस (बिशेष साधारण सभा)

१. कार्यसमितिले कुनै पनि समयमा बिशेष कंग्रेस (साधारण सभा) को बैठक बोलाउन सक्नेछ ।

२. सदस्यहरुलाई यस्तो बिशेष कंग्रेस (बिशेष साधारण सभा) को बैठक बस्ने मिति, स्थान तथा बिषयसूचिको बारेमा एक महिना अगाडि नै जानकारी गरिनेछ ।

३. यदि एन्फाका ४० प्रतिशत सदस्यहरुले बिशेष कंग्रेस (बिशेष साधारण सभा) बोलाउन लिखित रुपमा माग गरेमा कार्यसमितिले ३० दिन भित्र बिशेष कंग्रेस (बिशेष साधारण सभा) को बैठकको आह्वान गर्नेछ । यसरी बैठक बोलाउन गरिएको अनुरोधमा बिषयसूचि समेत खुलाइएको हुनुपर्दछ । यदि बिशेष कंग्रेस (बिशेष साधारण सभा) नबोलाइएमा बिशेष कंग्रेस ( बिशेष साधारण सभा) को माग गर्ने प्रतिनिधिहरुले नै ३० दिनको सुचना जारी गरी बिशेष

कंग्रेस (विशेष साधारण सभा) बोलाउन सक्नेछन । त्यसो गर्दा त्यस्ता प्रतिनिधिहरुले एन्फाको सबै सदस्यहरु र कार्यसमितिलाई बिशेष कंग्रेसको मिति र स्थानको जानकारी उपलब्ध गराउनुका साथै उपधारा २ मा उल्लेख गरे अनुरुपको एजेण्डा समेत समावेश गरेर जानकारी दिनुपर्दछ । अन्तिम उपाय स्वरुप सदस्यको प्रतिनिधित्व गरिरहेका यी प्रतिनिधिहरुले फिफा तथा ए.एफ.सी.लाई सहयोगको लागि अनुरोध गर्न सक्नेछन् ।

४. कार्यसमितिको पहलमा विशेष कंग्रेस (बिशेष साधारण सभा) बोलाइएमा बिषयसूचिहरु तयार गरिनुपर्दछ । सदस्यहरुको पहलमा बिशेष कंग्रेस (साधारण सभा) बोलाइएमा सदस्यहरुले उठाएको बुंदाहरु बिषयसूचिमा समावेश गरिनुपर्दछ ।

५. विशेष कंग्रेस (बिशेष साधारण सभा) का बिषयसूचिहरु थपघट गर्न पाइनेछैन ।

## परिच्छेद ७: कार्यसमिति

### धारा ३७ कार्यसमितिको गठन

१. कंग्रेस (साधारण सभा) द्धारा निर्वाचित देहाय बमोजिमको एन्फा कार्यसमिति हुनेछ:

| | |
|---|---|
| अध्यक्ष | १ जना |
| बरिष्ठ उपाध्यक्ष | १ जना |
| उपाध्यक्ष | ४ जना |
| सदस्यहरु | २ जना महिला सदस्य सहित १५ जना |

२. कार्यसमितिको सदस्य हुनको लागि २५ बर्ष उमेर पुरा भएको हुनुपर्दछ । कंग्रेस (साधारण सभा) मा चुनाव हुनुभन्दा ५ बर्ष अगाडीको समय अबधिमा २ बर्षसम्म उनिहरुले एन्फाको कुनै निकाय वा सदस्य निकायमा फुटबलमा सक्रिय योगदान गरेको हुनुपर्दछ । साथै यस बिधानको धारा २४ मा उल्लेखित मापदण्ड तथा शर्तहरु पुरा गर्नु पर्नेछ ।

३. अध्यक्ष, उपाध्यक्ष तथा कार्यसमितिका सदस्यहरु यस बिधानको धारा ३३ अनुसार कंग्रेसद्धारा निर्वाचित हुनेछन् । निर्वाचित वा पुनः निर्वाचित हुनु अगाडी हरेकले लेखापरिक्षण तथा अनुपालन समितिद्धारा अनुसूची-५ अनुसारको integrity check पार गर्नुपर्नेछ ।

४. अध्यक्ष, उपाध्यक्ष तथा सदस्यहरुको कार्यकाल ४ (चार) बर्षको हुनेछ । निर्वाचन हुने कंग्रेसको अन्त्य संगै कार्यकाल शुरु हुनेछ र आफ्ना उत्तराधिकारीहरुको चुनाव भएसंगै अन्त्य हुने कंग्रेसको कार्यकाल समाप्त हुनेछ ।

५. कुनै पनि ब्यक्ति एन्फा वा प्रदेश फुटवल संघ वा जिल्ला फुटवल संघको कार्यसमितिको कुनै एक पदमा दुई भन्दा बढी पटक (लगातार वा छुट्टाछुट्टै) निर्वाचित हुन सक्नेछैन ।

६. अध्यक्षकको अनुपस्थितिमा बरिष्ठ उपाध्यक्षले कार्य सञ्चालन गर्नेछ ।

७. कंग्रेस (साधारण सभा) मा चुनाव हुनुभन्दा २५ दिन अगाडि नै एन्फाको सचिवालयमा उम्मेदवारको निवेदन पठाइसक्नु पर्दछ । उम्मेदवारको अधिकारिक सूचि अनिबार्य रुपमा एन्फाका सदस्यलाई पठाउनु पर्दछ, जसमा बैठकको बिषयसूचि समेत समावेश गरिनुपर्दछ । सोहि आधारमा कार्यसमितिको निर्बाचन हुनेछ ।

८. कार्यसमितिको सदस्य एकै समयमा एन्फाको न्यायिक निकाय वा लेखा तथा अनुपालन समिति (Compliance committee) वा निर्बाचन समितिको सदस्य बन्न सक्दैन साथै मतदान गर्ने प्रतिनिधि समेत बन्न सक्दैन ।

९. यदि कार्यसमितिको एउटा पद वा ५०% सम्म पदहरु रिक्त हुन आएमा (मृत्यु, राजिनामा, तीनवटा बैठकमा लगातार अनुपस्थित भएर) कार्यसमितिले आगामी कंग्रेस (साधारण सभा) को बैठक नहुन्जेलसम्मको लागि रिक्त पदहरुको पुर्ती गर्नेछ तर यसरी पुर्ती गरिएका पदहरुको पदावधी जुन पदपुर्ती गरिएको हो सो पदको बाँकी अबधीसम्मको लागि मात्र रहनेछ ।

१० यदि कार्यसमितिको ५०% भन्दा बढि पदहरु रिक्त हुन आएमा (मृत्यु, राजिनामा, तीनवटा बैठकमा लगातार अनुपस्थित भएर) महासचिबले ३५ दिनभित्र बाँकी अबधिका लगि रिक्त पदहरुको पुर्तिको लागि साधारण सभाको बैठक बोलाउन सक्ने छ ।

धारा ३८ कार्यसमितिको अधिकार

१. कंग्रेस (साधारण सभा) को जिम्मेवारी क्षेत्रभित्र नपर्ने सबै प्रकारका बिषयहरुमा निर्णय पारित गर्नेछ अथबा अन्य निकायको लागि कानूनले तोकिएकोमा बाहेक वा यस विधान अन्तर्गतका बिषयहरुमा निर्णय गर्नेछ ।

२. एन्फा कंग्रेस (साधारण सभा) तथा अर्डिनरी कंग्रेस (बिशेष साधारण सभा) को तयारी गरी बैठक बोलाउनेछ ।

३. स्थायी समितिका संयोजक, उपसंयोजक तथा सदस्यहरुको नियुक्ती गर्ने ।

४. आवश्यक देखिएमा कुनै पनि समयमा तदर्थ समितिको गठन गर्ने निर्णय गर्न सक्ने ।

५. स्थायी समिति तथा तदर्थ समितिको गठनको लागि नियमावलीहरु संग्रह (compile) गर्ने ।

६. महासचिब, कोषाध्यक्ष, प्रवक्ता, अन्तर्राष्ट्रिय सम्बन्ध प्रमुख, सहायक महासचिव, सहायक कोषाध्यक्ष र सिईओको नियुक्ती वा बर्खास्त गर्ने ।

७. स्वतन्त्र समितिहरु (न्यायिक निकाय, लेखा तथा अनुपालक समिति तथा निर्बाचन समिति) को सदस्यहरुको नियुक्तीको लागि कंग्रेस (साधारण सभा) मा सिफारिस गर्ने ।

८. लेखा परिक्षकको नियुक्तीको लागि कंग्रेस (साधारण सभा) मा सिफारिस गर्ने ।

९. आगामी कंग्रेस (साधारण सभा) को बैठकको समयसम्मको लागि स्वतन्त्र समितिहरु ( न्यायिक निकाय, लेखा तथा अनुपालक समिति तथा निर्बाचन समिति) मा रहेका रिक्त पदहरुमा बाँकी अबधीको लागि पदपुर्ती गर्ने ।

१०. एन्फाको प्रतियोगितामा सहभागी हुने टिमहरुको संख्या, मिति, स्थानको बारेमा निर्णय गर्ने तथा सम्बन्धित नियमावली बनाउने ।

११. प्रतिनिधित्व गर्ने टिमहरुको लागि प्रशिक्षक तथा अन्य प्राविधिक कर्मचारीहरुको नियुक्ती गर्ने ।

१२. एन्फालाई आन्तरिक रुपमा ब्यबस्थित गर्नको लागि निर्देशनात्मक नियमावलीहरु पारित गरी साधारण सभाबाट अनुमोदन गराई लागु गर्ने।

१३. बिधानको कार्यान्वयन भएको तथा कार्यान्वयनको लागि उच्चस्तरिय ब्यबस्थापन अंगालेको कुराको सुनिश्चित गर्ने ।

१४. कुनै पनि निकायको सदस्य वा एन्फा सदस्यले एन्फाको विधान बिपरित गतिबिधि गरेमा त्यस्तो सदस्यलाई आगामी कंग्रेस (साधारण सभा) को बैठक सम्मको लागी अस्थाई रुपमा निलम्बन गर्ने ।

१५. अधिकार क्षेत्र अन्तर्गत श्रृजना हुने कार्यहरु एन्फाका अन्य निकायहरुलाई वा तेश्रो पक्षलाई दिन सक्ने ।

१६. अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुनको लागि तयारी, तालिम वा अन्य व्यवस्थापनको लागि आबश्यक कदम चाल्ने ।

१७. एन्फाको विधान र नियमावलीको अधिनमा रही निर्देशिका तथा कार्यविधिहरु निर्माण गरी लागु गर्ने ।

१८. जिल्ला फुटबल संघ र प्रदेश फुटबल संघको सिफारिसमा स्थानीय तहको महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा गाउँपालिकाहरुमा आवश्यकता अनुसार फुटबल समिति गठन गर्ने ।

१९. देश बिदेशमा नेपाली फुटबलको बिकास र प्रवर्द्धनका लागि आवश्यकता अनुसार नेपाली फुटबल फ्यान क्लब गठन गर्ने ।

२०. देश बिदेशमा सामाजिक कार्यमा उत्कृष्ट कार्य गर्ने संघ संस्थाहरुले नेपाली फुटबलमा योगदान गर्न चाहेको खण्डमा त्यस्ता संघ संस्थाहरुलाई एन्फाको शुभेच्छुक संस्थाको रुपमा आवद्धता दिने ।

## धारा ३९ कार्यसमितिको बैठक

१. कार्यसमितिको बैठक कम्तिमा बर्षमा ४ पटक बस्नेछ ।

२. अध्यक्षले कार्यसमितिको बैठक बोलाउनेछ । कार्यसमितिको बैठक हुनुभन्दा ७ दिन अगावै कार्यसमितिका सदस्यहरुलाई बैठकको बारेमा लिखित जानकारी गराइनेछ । सो जानकारीमा बैठक हुने मिति, स्थान तथा बैठकको बिषयसूचि समावेश गरिनेछ । बिशेष परिस्थितिमा अध्यक्षले कार्यसमितिको आपतकालिन बैठक बोलाउन सक्नेछ । तर त्यस्तो कार्यसमितिको आपतकालिन बैठकमा ७ दिने सूचना र बिषयसूचिको प्रावधान लागु हुने छैन । यदि कार्यसमितिका १/३ (एक तिहाई) सदस्यहरुले बैठक बोलाउन अनुरोध गरेमा अध्यक्षले २१

दिनभित्र बैठक बोलाउनु पर्दछ । यदि अध्यक्षले माथि उल्लेख गरिएको मितिमा बैठक नबोलाएमा कार्यसमितिका अन्य सदस्यहरुले बैठक बोलाउने छन् ।

३. अध्यक्षले बिषयसूचिहरु एकत्रित गर्नेछन् । कार्यसमितिका प्रत्येक सदस्यले एजेण्डामा समावेश गर्ने प्रस्ताव पठाउन सक्नेछन् । कार्यसमितिका सदस्यहरुले बैठकको बिषयसूचिमा समावेश गर्नको लागि बैठक हुनुभन्दा ५ दिन अगाडी नै आफ्ना बुँदाहरु सचिबालयलाई पठाउनुपर्दछ । यदि बैठकको सूचनामा एजेण्डा समाबेश गरिएमा कार्यसमितिका सदस्यहरुलाई बैठकको बिषयसूचि बैठक हुनुभन्दा ३ दिन अगाडी पठाउनुपर्दछ । यदि समावेस नभएमा सम्बन्धित सदस्यलाई सूचित गर्नुपर्दछ ।

४. महासचिवले कार्यसमितिको बैठकमा परामर्श दिने भूमिकामा बैठकमा भाग लिनेछ । महासचिवसंग मताधिकार हुनेछैन । यदि महासचिव ब्यवस्थापन तथा सञ्चालन गर्न असमर्थ भएमा निजले आफ्नो तर्फबाट प्रतिनिधि मनोनित गर्नेछन् तर कार्यसमितिले त्यस्तो मनोनयन स्वीकृत गर्नुपर्दछ ।

५. कार्यसमितिको बैठक सार्बजनिक रुपमा हुनेछैन । कार्यसमितिले तेश्रो पक्षलाई आमन्त्रण गर्न सक्नेछ । यसरी भाग लिएका तेस्रो पक्षले कार्यसमितिको अनुमती लिई आफ्नो बिचार ब्यक्त गर्न सक्नेछन तर मतदान गर्न पाउने छैनन् ।

६. कार्यसमितिका सदस्यहरु बैठकका लागी भौतिक रुपमा उपस्थित हुन नसकेमा कार्यसमितिको बैठक video conference मार्फत मात्र गर्न सकिनेछ ।

७. कार्यसमिति बैठकको श्रब्य तथा दृश्य रेकडिङ्ग राख्नु पर्नेछ ।

## धारा ४० कार्यसमितिका निर्णयहरु

१. कार्यसमितिमा बहुमत सदस्य (५०% भन्दा बढि) उपस्थित नभएसम्म छलफल अगाडि बढ्ने छैन ।

२. कार्यसमितिमा उपस्थित सदस्यको बहुमतद्धारा (५०% भन्दा बढि) निर्णयमा पुग्नेछ । मत बराबर भएको अबस्थामा अध्यक्षले निर्णायक मत दिनेछ । वारिस (प्रोक्सी) मत वा पत्रद्धारा मत दिनको लागि अनुमती दिइने छैन ।

३. कार्यसमितिको कुनै पनि सदस्यले छलफलमा भाग लिदा वा निर्णयमा भाग लिदा स्वार्थको द्वन्द (Conflict of interest) हुने संभावना वा खतरा देखिएमा उक्त सदस्यले छलफलमा भाग लिने वा निर्णयमा भाग लिने कार्य गर्नुहुदैन, तत्काल फिर्ता हुनुपर्दछ ।

४. निर्णय गरेपछि सो निर्णयको अभिलेख राखिन्छ र निर्णयको प्रतिलिपी १५ दिन भित्र कार्यसमितिका सम्पुर्ण सदस्यहरुलाई पठाइनुपर्दछ ।

५. कार्यसमितिले सम्पन्न गरेका निर्णयहरु कार्यसमितिले अन्यथा निर्णय गरेकोमा बाहेक तत्काल लागु हुनेछन ।

६. कार्यसमितिको बैठकको माइन्युटमा बन्द बन्दमा अध्यक्ष र महासचिवले हस्ताक्षर गर्ने ।

## धारा ४१ निकायका सदस्यको बर्खास्ती

१. कंग्रेस (साधारण सभा) ले सम्बन्धित निकाय अर्न्तगतका सदस्यलाई बर्खास्त गर्न सक्नेछ । कार्यसमितिले त्यस्ता ब्यक्तिको बर्खास्तीलाई कंग्रेस (साधारण सभा) को बिषयसूची (एजेण्डा) मा समाबेश गर्नेछ । कार्यसमितिले त्यस्ता सदस्यलाई आउने कंग्रेस (साधारण सभा) को बैठकसम्मको लागी अस्थाई रुपमा बर्खास्त गर्न सक्दछ । कार्यसमितिको कुनै पनि सदस्यको बर्खास्ती सम्बन्धी प्रस्ताव कार्यसमिति वा कंग्रेस (साधारण सभा) को बिषयसूचिमा समावेश गर्नका लागी पेश गर्न सक्नेछ । तर स्वतन्त्र निकायका सदस्य (ब्यक्ति) को हकमा बर्खास्ती सम्बन्धी कुनै पनि निर्णय कंग्रेसले मात्र गर्न सक्नेछ ।

२. बर्खास्तीको प्रस्ताव न्यायोचित रुपमा पुष्टि हुनुपर्दछ । यस्तो प्रस्ताव बैठकको बिषयसूचि (एजेण्डा) संगै एन्फाका सदस्यहरुलाई पठाइनेछ ।

३. अभियोग (दोष) लागेको निकायका सदस्यहरुलाई प्रतिरक्षा गर्ने अधिकार सुरक्षित रहने छ । यदि बर्खास्तीको प्रस्ताव पुष्टि भएमा कंग्रेस (साधारण सभा) वा कार्यसमितिले गोप्य मतदानद्वारा निर्णयमा पुग्नेछ ।

४. प्रस्ताव पारित हुनको लागि २/३ (दुई तिहाई) बहुमतको आवश्यकता पर्दछ । बर्खास्तीमा परेको व्यक्ति वा निकायलाई तत्काल जिम्मेवारीबाट मुक्त गरिदिनु पर्दछ ।

५. यस धारा बमोजिम बर्खास्त (अस्थायी वा स्थायी) भएका व्यक्तिहरु (निकायका सदस्यहरु) आफ्नो जिम्मेवारीबाट तत्काल मुक्त हुनेछन् ।

## परिच्छेद ८: अध्यक्ष

### धारा ४२ अध्यक्षको काम, कर्तब्य तथा जिम्मेवारी

१. अध्यक्षले एन्फाको बैधानिक प्रतिनिधित्व गर्दछ ।

२. निज निम्न कार्यहरुको लागि मुख्य जिम्मेवार रहन्छ :

(क) कंग्रेस (साधारण सभा) तथा कार्यसमितिले पारित गरेका निर्णयहरु सचिवालय मार्फत लागु गर्ने ।

(ख) एन्फाका निकायहरु प्रभावकारी रुपमा कार्य गरिरहेको र यो बिधान अनुसारका उपलब्धि हासिल गरेको कुरा सुनिश्चित गर्ने ।

(ग) सचिवालयको कार्यहरु निरिक्षण गरी क्रियाशित बनाउन निर्देशन दिन सक्नेछ ।

(घ) एन्फा तथा एन्फाका सदस्यहरु, फिफा, ए.एफ.सी., साफ, राजनैतिक निकायहरु र अन्य संस्थाहरुसंग सम्बन्ध राख्ने ।

३. अध्यक्षले कंग्रेस (साधारण सधा), कार्यसमिति, आपतकालिन समितिको बैठकको अध्यक्षता गर्नुको साथै आफु अध्यक्ष चुनिएका अन्य समितिहरुको बैठकको समेत अध्यक्षता गर्नेछ ।

४. अध्यक्षले कार्यसमितिको बैठकमा छलफलमा भाग लिनेछन र यस्तो अबस्थामा निजको मत सामान्य मत मानिनेछ तर मत बराबर भएमा निजले निर्णायक मतको प्रयोग गर्नेछ ।

५. अध्यक्षको अतिरिक्त अधिकारको बारेमा अखिल नेपाल फुटबल संघ कार्यसंञ्चालन नियमावली (ANFA Operational Regulations) मा उल्लेख गरे बमोजिम हुनेछ ।

६. अध्यक्षको अनुपस्थितिमा वा अनुपलब्धतामा वरिष्ठ उपाध्यक्षले कार्यभार सम्हान्नेछ ।

७. मृत्यु भएमा, राजिनामा दिएमा अध्यक्षको पद खाली भएको मानिनेछ ।

८. यदि अध्यक्षको पद खालि भएमा आगामी कंग्रेस (साधारण सभा) को बैठकसम्मको लागि बरिष्ठ उपाध्यक्षले कायम मुकायम अध्यक्षको हैसियतमा कार्यभार सम्हाल्नेछ ।

९. अध्यक्षले महासचिबको नियुक्ती वा बर्खास्तीको प्रस्ताव पेश गर्नेछ ।

### धारा ४३ हस्ताक्षर तथा प्रतिनिधित्व

अध्यक्षले एन्फाको कानूनी प्रतिनिधित्व गर्दछ र एन्फाको तर्फबाट हस्ताक्षर गर्न सक्नेछ । कार्यसमितिले कार्यालयको कार्यको लागि संयुक्त हस्ताक्षरकर्ताको बिषयमा, बिशेष गरी अध्यक्षको अनुपस्थितिमा र एन्फाको महत्वपुर्ण कार्यहरुमा आन्तरिक संगठन नियमावली (Internal Organisation Regulations) बनाई नियमन गर्न सक्नेछ ।

## परिच्छेद ९: वरिष्ठ उपाध्यक्ष र उपाध्यक्ष

### धारा ४४ वरिष्ठ उपाध्यक्ष र उपाध्यक्षको काम, कर्तब्य तथा जिम्मेवारी

१. एन्फाको कार्यहरुमा सहयोग गर्ने ।

२. अध्यक्षको अनुपस्थितिमा अध्यक्षको सट्टामा (डेपुटी) कार्य गर्ने ।

३. वरिष्ठ उपाध्यक्षको पनि अनुपस्थितिमा उपाध्यक्षहरुले अध्यक्षको सट्टामा (डेपुटी) कार्य गर्ने ।

## परिच्छेद १०: आपतकालिन समिति

### धारा ४५ आपतकालिन समिति

१. कार्यसमितिको दुईवटा बैठकको बीचको समयमा उत्पन्न हुने तत्काल सुल्झाउनु पर्ने बिबादहरुको निरोपणका लागी एक ५ (पाँच) सदस्यीय आपतकालिन समितिको गठन गरिनेछ । सो आपतकालिन समितिमा एन्फा अध्यक्ष, वरिष्ठ उपाध्यक्ष लगायत कार्यसमितिका ३ (तीन) सदस्यहरु हुनेछन् र उनीहरुको कार्यकाल ४ (चार) बर्षको हुनेछ ।

२. उपधारा (१) मा उल्लेख भए बाहेक संघको महासचिव, कोषाध्यक्ष तथा प्रवक्ता आवतकालिन समितिमा परामर्श भूमिकामा भाग लिनेछन् । आपतकालिन समितिको निर्णयमा त्यस्तो परामर्श भूमिकामा रहने सदस्यहरुको कुनै मताधिकार हुनेछैन ।

३. अध्यक्षले आपत्कालिन समितिको बैठक बोलाउनेछ । आपत्कालिन समितिको बैठकका सबै निर्णयहरु तत्काल कार्यसमितिलाई जानकारी गराइनेछ । यदि कार्यसमितिको बैठक उचित समयमा बस्न नसकेको खण्डमा आपत्कालिन समितिको बैठकका सबै निर्णयहरु अन्य संचारका माध्यमहरु मार्फत कार्यसमितिका सदस्यहरुलाई जानकारी गराइनेछ र यस्तो निर्णयको कानूनी प्रभाव तत्कालै लागु हुनेछ ।

४. आपत्कालिन समितिका चारैजना सदस्यहरुले छलफलमा भाग नलिएसम्म छलफल बैध मानिने छैन । आपत्कालिन समितिले निर्णय गर्दा खसेको मतको बहुमतद्धारा (५०% भन्दा बढि) गरिनेछ । यदि मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

५. आपत्कालिन समितिले गरेका निर्णयहरु आँउदो कार्यसमितिको बैठकबाट अनुमोदन गरिनुपर्नेछ । यदि आउदो कायसमितिको बैठकले आपत्कालिन समितिले गरेका निर्णयहरुको अनुमोदन नगरेमा ती निर्णयहरु कानूनी प्रभाव शुन्य हुनेछ अर्थात ती निर्णयहरु निष्प्रभावी हुनेछन् । यदि अध्यक्ष आपत्कालिन समितिको बैठकमा उपस्थित हुन असमर्थ भएमा आपतकालिन समितिको सदस्य मध्ये वरिष्ठ उपाध्यक्षले कार्यसंचालन गर्नेछन् ।

## परिच्छेद ११: स्थायी समितिहरु

### धारा ४६ स्थायी समिति

१. एन्फाका स्थायी समितिहरु निम्न अनुसार रहेका छन् :

(क) प्रतियोगिता समिति
(ख) प्राविधिक समिति
(ग) कानून समिति
(घ) युवा फुटबल समिति
(ङ) फुटसल समिति
(च) खेलाडी स्तर समिति
(छ) रेफ्री समिति
(ज) महिला फुटबल समिति
(झ) सुरक्षा समिति
(ञ) स्वास्थ्य समिति
(ट) सूचना तथा संचार समिति
(ठ) सदस्य संस्था समन्वय समिति (Members Orgaisatioon Coordination Committee)
(ड) लिग समिति
(ढ) सामाजिक उत्तरदायित्व समिति
(ण) बीच सकर समिति
(त) राष्ट्रिय टिम तयारी समिति

२ कार्यसमितिको सदस्य, स्थायी समितिको संयोजक, उपसंयोजक र सदस्य हुन सक्नेछन् । तर रेफ्री समितिमा भने कार्यसमितिका सदस्य संयोजक, उपसंयोजक र सदस्य हुन सक्नेछैनन् । स्थायी समितिका संयोजक, उपसंयोजक र सदस्यहरुको कार्यकाल ४ बर्षको हुनेछ ।

३. प्रत्येक संयोजकले आफ्नो समितिको प्रतिनिधित्व गर्नेछ र कार्यसमितिले तय गरिदिएको सम्वद्ध संगठनात्मक नियमावली अनुसार कार्यसम्पादन गर्नेछ ।

४. प्रत्येक संयोजकले महासचिवसंगको सहकार्यमा बैठकको मिति तोक्नेछ, सबै कार्यहरु सम्पादन भएको सुनिश्चित गर्नेछ र यस बिषयमा कार्यसमितिलाई प्रतिवेदन दिनेछ ।

५. प्रत्येक समितिले आफ्नो नियमावलीमा संशोधनको प्रस्ताव कार्यसमिति समक्ष गर्न सक्नेछ ।

६. यस सम्बन्धमा धारा ४६ बमोजिम गठित समितिहरुले एन्फाले बनाएको छुट्टै नियमावली अनुसार कार्य गर्नेछन् ।

## धारा ४७ प्रतियोगिता समिति

एन्फाका प्रतियोगिता आयोजना गर्ने आयोजक समितिले एन्फाका प्रतियोगितामा लागू हुने यस विधान र नियमावलीका प्रावधानहरु बमोजिम प्रतियोगिताहरु आयोजना गर्नेछ । यस समितिमा संयोजक, उपसंयोजक र बढीमा ५ (पाँच) जना सदस्यहरु रहनेछन् ।

## धारा ४८ प्राबिधिक समिति

प्राविधिक र बिकास समितिले मूलतः फुटबलको प्रशिक्षण र प्राविधिक विकासका आधारभूत पक्षको विश्लेषण गर्नेछ । यस समितिमा संयोजक, उपसंयोजक बढीमा ५ जना सदस्यहरु रहनेछन् ।

## धारा ४९ कानुन समिति

कानुन समितिले फुटबल र एन्फा तथा यसका सदस्यका विधान एवं नियमावलीको विकासक्रमका आधारभूत पक्षको विश्लेषण गर्नेछ । यस समितिमा संयोजक, उपसंयोजक र बढीमा ३ (तीन) जना सदस्यहरु रहनेछन् ।

## धारा ५० युवा फुटवल समिति

युवा फुटबल समितिले युवा फुटबल प्रतियोगिताको आयोजना गर्दै युवा फुटबलसंग सम्बन्धित सबै विषयहरुको सम्बन्धमा सोको योजना र नियमन लगायत तोकिए बमोजिमका अन्य काम गर्नेछ । यस समितिमा संयोजक, उपसंयोजक र बढीमा ५ (पाँच) जना सदस्यहरु रहनेछन् ।

## धारा ५१ फुटसल समिति

फुटसल समितिले फुटसल प्रतियोगिताको आयोजना गर्दै यससंग सम्बन्धित योजना र नियमन लगत तोकिए बमोजिमका अन्य काम गर्नेछ । यस समितिमा संयोजक, उपसंयोजक र बढीमा ५ (पाँच) जना सदस्यहरु रहनेछन् ।

## धारा ५२ खेलाडी स्तर समिति

खेलाडीको स्तर समितिले खेलाडीहरुको अवस्था र स्थानान्तरण सम्बन्धी फिफाको नियमावली बमोजिम स्थानान्तरणका नियमहरुको तर्जुमा एवं तिनको अनुगमन गर्नेछ तथा एन्फाका बिभिन्न प्रतियोगितामा खेलाडीहरुको अवस्था निर्धारण गर्नेछ । खेलाडीहरुको स्तर समितिको क्षेत्राधिकार टुंगो लगाउने गरी कार्यसमितिले बिशेष नियमावली बनाउन सक्नेछ । यस समितिमा संयोजक, उपसंयोजक र बढीमा ३ जना सदस्यहरु रहनेछन् । एन्फा, यसका सदस्य, अफिसियलहरु, म्याच एजेन्ट र मध्यस्थहरु जोडिएको खेलाडीहरुको स्तर सम्बन्धी विवादहरुलाई यस विधान बमोजिम मध्यस्थताको प्रकृयाद्वारा हल गरिनेछ ।

## धारा ५३ रेफ्रिको समिति

रेफ्रीको समितिले खेलका नियमहरु लागू गर्नेछ । एन्फाले आयोजना गरेका प्रतियोगिताहरुमा यसले रेफ्रीहरु नियुक्त गर्ने, एन्फा प्रशासनसंगको सहकार्यमा रेफ्रीङ्ग सम्बन्धी मामिला हेर्ने र रेफ्रीहरुको शिक्षा एवं तालिमको अनुगमनका कार्य गर्नेछ । यस समितिमा संयोजक, सहसंयोजक र बढीमा ५ (पाँच) जना सदस्यहरु रहनेछन् ।

## धारा ५४ महिला फुटवल समिति

महिला फुटबल समितिले एन्फाका महिला फुटबल प्रतियोगिताहरु आयोजना गर्नुका साथै महिला फुटबल सम्बन्धी योजना र नियमन लगायत तोकिए बमोजिम अन्य काम गर्नेछ । यस समितिमा संयोजक, सहसंयोजक र बढीमा ३ (तीन) जना सदस्यहरु रहनेछन् ।

## धारा ५५ सुरक्षा समिति

सुरक्षा समितिले एन्फाद्धारा आयोजित प्रतियोगिताहरुको सुरक्षा लगायत अन्य सुरक्षासंग सम्बन्धित कार्यहरु गर्नेछ । आवश्यकता अनुसार सुरक्षा सम्बन्धी रणनीतिहरु तय गरी एन्फाको सम्पूर्ण कार्यक्रमहरुलाई सरकारी सुरक्षा निकायहरुको समन्वयमा खेलाडी, पदाधिकारी र दर्शकहरुको सुरक्षाको प्रवन्ध गर्नेछ । यस समितिमा संयोजक, सहसंयोजक र बढीमा ३ (तीन) जना सदस्यहरु रहनेछन् ।

## धारा ५६ स्वास्थ्य समिति

स्वास्थ्य समितिले सम्बन्धित पक्षहरुको स्वास्थ्यसंग सम्बन्धि आवश्यक कार्यहरु गर्नेछ । साथै डोपिङ लगायतको अन्य निषेधित क्रियाकलापको पनि परिक्षण र नियन्त्रण गर्नेछ । यस समितिमा संयोजक, सहसंयोजक र बढीमा ३ (तीन) जना सदस्यहरु रहनेछन् ।

## धारा ५७ सूचना तथा संचार समिति

सूचना तथा संचार समितिले एन्फाको सम्पूर्ण सूचना संम्प्रेषण, प्रचार प्रसार, प्रायोजक तथा लगानीकर्ता प्रोत्साहित गर्ने योजना तथा कार्यक्रमहरु सन्चालन गर्ने, एन्फाको सूचना प्रविधिलाई आधुनिकिकरण गर्दै फुटवल खेलको विकासमा प्रवर्द्धन गर्नेछ । यो समितिमा संयोजक, सहसंयोजक सहित् बढीमा ३ (तीन) जना सदस्यहरु रहनेछन् ।

## धारा ५८ बीच सकर समिति

नेपालमा बीच सकरको सम्भाव्यता अध्ययन गर्नुका साथै बीच सकर सम्बन्धी योजना र नियमनको काम गर्नेछ । संम्भव भएको स्थानमा यो खेलको प्रवर्द्धन तथा प्रारम्भ गर्नेछ । यस समितिमा संयोजक, सहसंयोजक, सहित बढीमा ५ (पाँच) जनासदस्य रहने छन् ।

## धारा ५९ सदस्य संस्था समन्वय समिति

एन्फाको सम्पूर्ण सदस्य संस्थाहरु लगायत प्रदेश फुटबल संघहरुसंग समन्वय र नियमन गरी खेलको विकास तथा प्रवर्द्धन लगायत सांगठनीक क्रियाकलापको मुल्यांङ्कन गरी एन्फामा जानकारी र प्रतिवेदन पेश गर्ने । जिल्ला फुटवल संघहरुलाई नयाँ सदस्यताको आबद्धता दिंदा सदस्य संस्था समन्वय समितिलाई अनिवार्य रुपमा रोहवरमा राख्नु पर्नेछ । यस समितिमा संयोजक, सहसंयोजक र बढीमा ३ (तीन) जना सदस्य रहनेछन् ।

## धारा ६० लिग समिति

अखिल नेपाल फुटबल संघले फुटबल खेलको बिकासको मेरुदण्डको रुपमा रहेको घरेलु प्रतियोगिता लिगलाई बैज्ञानिक र परिणाममुखी बनाउने नीतिहरु अवलम्बन हुने गरी निर्देशिका/कार्यविधी निर्माण गरी लिग सञ्चालन गर्नेछ । यो समितिमा संयोजक, सहसंयोजक सहित बढीमा ५ (पाँच) जना जना सदस्य रहनेछन् ।

## धारा ६१ सामाजिक उत्तरदायित्व समिति

यस समितिले समाजप्रति आईपर्ने संस्थागत उत्तरदायित्वहरुमा कार्य गर्नेछ । यस समितिमा संयोजक, सहसंयोजक र बढीमा ३ (तीन) जना सदस्य रहनेछन् ।

## धारा ६२ सल्लाहकार समिति

अखिल नेपाल फुटबल संघले नेपाली फुटबल खेलको बिकासमा आवश्यक सरसल्लाह र सहयोगको लागि फुटबल खेलमा योगदान गरेका र गर्ने बिशिष्ट व्यक्तित्वहरुलाई सल्लाहकार नियूक्त गर्नेछ । यो समितिमा बढीमा ३ (तीन) जना सदस्य सम्म हुनेछ ।

## धारा ६३ राष्ट्रिय टिम तयारी समिति

अखिल नेपाल फुटबल संघले नेपाली राष्ट्रिय टिम तयारी गर्नको लागी राष्ट्रिय टिम तयारी समितिको गठन गर्नेछ । यो समितिले टिम तयारीसंग सम्बन्धीत कार्यहरु गर्नेछ । यस समितिमा संयोजक, सहसंयोजक र बढीमा ३ (तीन) जना सदस्य हुनेछ ।

## धारा ६४ तदर्थ समितिहरु

कार्यसमितिले आवश्यक देखेमा खास काम र निश्चित अवधिको निम्ति तदर्थ समितिहरु गठन गर्न सक्नेछ । कार्यसमितिले यी समितिका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरु नियुक्त गर्नेछ । यिनका काम, कर्तव्यहरु कार्यसमितिले बनाएका विशेष नियमावलीमा तोकिए बमोजिम हुनेछ । तदर्थ समितिले सिधै कार्यसमिति समक्ष प्रतिवेदन पेश गर्नेछ ।

# परिच्छेद १२: सचिवालय

## धारा ६५ सचिवालय

सचिबालयले महासचिबको निर्देशनमा रहि एन्फाको सम्पुर्ण प्रशासनिक कार्यहरु गर्नेछ । सचिबालयका सदस्यहरुले एन्फाको आन्तरिक संगठन नियमावली (Internal Organization Regulations) को बाध्यात्मक पालना गर्नुपर्दछ र तोकिएको कार्यहरु असल आचरणमा रहि कार्य सम्पादन गर्नेछन् ।

## धारा ६६ महासचिव

१ महासचिब सचिबालयको प्रमुख कार्यकारी हुनेछ ।

२ स्थानिय कानूनद्वारा नियमन गरिएको संझौताको आधारमा निजलाई नियुक्त गरिनेछ र निजसंग आबश्यक व्यवसायिक योग्यता भएको हुनुपर्दछ ।

३ महासचिब निम्न अनुसारको कार्यहरुको लागि जिम्मेवार रहन्छ:

(क) अध्यक्षको निर्देशन अनुरुप कंग्रेस (साधारण सभा) तथा कार्यसमितिका निर्णयहरु कार्यान्वियन गराउने ।

(ख) कंग्रेस (साधारण सभा) तथा कार्यसमिति, आपत्कालिन समिति, स्थायी तथा तदर्थ समितिको बैठकहरुमा भाग लिने ।

(ग) कंग्रेस (साधारण सभा), कार्यसमिति र अन्य निकायहरुको बैठक आयोजना गर्ने ।

(घ) कंग्रेस (साधारण सभा), कार्यसमिति, आंपतकालिन समिति, स्थायी तथा तदर्थ समितिका बैठकहरुको निर्णयहरु अभिलेख गर्ने ।

(ङ) एन्फाको आन्तरिक पत्राचार गर्ने ।

(च) कार्यसमितिको निर्णय र अध्यक्षले दिएको निर्देशन अनुसार सदस्यहरु, समितिहरु, फिफा तथा ए.एफ.सी.संग सम्बन्ध राख्ने ।

(छ) सचिबालय व्यवस्थित गर्ने ।

(ज) कार्यसमितिको निर्णय अनुसार सचिबालयमा कार्यरत कर्मचारीहरुको नियुक्ती वा बर्खास्ती गर्ने ।

(झ) अध्यक्ष समक्ष व्यवस्थापकिय कर्मचारीको आवश्यकता देखिएमा पदपूर्ती समितिको सिफारिस र नियम अनुसार कर्मचारी दरबन्दी सिफारिस गर्ने ।

(ञ) महासचिबलाई दिइने अतिरिक्त जिम्मेवारी तथा कर्तब्यहरुको बारेमा आन्तरिक संगठन नियमावली (Internal Organisation Regulations) मा उल्लेख गरिनेछ ।

४. कार्यसमितिले महासचिबको अनुपस्थितिमा कार्य गर्नको लागि निमित्त महासचिबको मनोनित गर्नेछ ।

५. महासचिब अर्न्तर्राष्ट्रिय पत्राचार गर्ने तथा अर्न्तर्राष्ट्रिय सम्बन्ध कायम गर्ने कार्यमा जिम्मेवार रहनेछ ।

६. महासचिब कंग्रेस (साधारण सभा) को प्रतिनिधि हुन तथा एन्फाको कुनै पनि निकायको सदस्य बन्न सक्ने छैन ।

७. कार्यसमितिले सहायक महासचिव पदमा ३ (तीन) जना मनोनयन गर्नेछ ।

## धारा ६७ कोषाध्यक्ष

कोषाध्यक्ष निम्न कुराहरुमा जिम्मेवार रहनेछ :

१. एन्फाको लेखा (हर्‌हिसाब) ब्यबस्थित तथा उचित तबरले राख्ने ।

२. एन्फाको लेखा (हर्‌हिसाव) कार्यसमिति तथा कंग्रेसमा प्रस्तुत गर्ने ।

३. आर्थिक समितिको निर्णय कार्यसमितिमा प्रस्तुत गर्न पहल गर्ने ।

४. एन्फाको लेखापरिक्षणको लागि कंग्रेस (साधारण सभा) द्धारा नियुक्त लेखापरिक्षकसंग समन्वय गर्ने ।

५. एन्फाको आर्थिक नीति नियम एन्फाका निकायहरु तथा पदाधिकारीहरुले पालना गरेको कुराको सुनिश्चित गर्ने ।

६. एन्फाका अध्यक्ष सहितको संयुक्त हस्ताक्षरमा एन्फाका सबै बैंक खाताहरुको संचालन गर्ने ।

### धारा ६८ प्रवक्ता

प्रवक्ता निम्न कुराहरुमा जिम्मेवार रहनेछः

१. सबै सम्बन्धित निकायहरुमा एन्फा सम्वन्धी जानकारी तथा सुचनाहरु ब्यवस्थित ढङ्गले जानकारी गराउने ।

२. सन्चार जगतसंग असल सम्बन्ध कायम राख्ने ।

३. कार्यसमिति तथा कंग्रेसको बैठकमा सहभागी हुने ।

## परिच्छेद १३ः स्वतन्त्र समितिहरु

### धारा ६९ लेखापरिक्षण र अनुपालन समिति

१. आर्थिक लेखापालनको पूर्णता र विश्वसनीयता सुनिश्चित गर्दै लेखापरीक्षण र अनुपालन समितिले आर्थिक बिवरणहरु, एकमुष्ठ आर्थिक बिवरण र बाह्य लेखापरीक्षकका प्रतिवेदनहरुको समीक्षा गर्नेछ ।

२. लेखापरीक्षण र अनुपालन समितिले संघको आर्थिक र अनुपालना मामिलाहरुको अनुगमन गर्ने कार्यमा कार्यसमितिलाई सल्लाह एवं सहयोग गर्नेछ तथा संघको सम्वद्ध नियमावलीको पालना भए नभएको अनुगमन गर्दै अनुपालनालाई सुनिश्चित गर्नेछ ।

३. लेखापरीक्षण र अनुपालन समितिका जिम्मेवारीहरु, यसको आन्तरिक सहकार्य एवं अन्य प्रकृयागत कुराहरु संघको सम्वद्ध नियमावलीमा उल्लेख गरिएका छन् ।

४. कंग्रेस (साधारण सभा) ले लेखापरीक्षण र अनुपालन समिति (Audit and Compliance Committee) का संयोजक, उपसंयोजक र सदस्यहरुलाई ४ बर्ष अवधिका लागि निर्वाचित

गर्नेछ र कंग्रेस (साधारण सभा) ले मात्र निजहरुलाई जिम्मेवारीबाट अवकाश दिन सक्नेछ । आफू निर्वाचित वा पुन: निर्वाचित हुनुपूर्व सदाचार समितिले निजहरुको सदाचार परीक्षण गर्नेछ ।

५. लेखापरीक्षण र अनुपालन समिति (Audit and Compliance Committee) का संयोजक, उपसंयोजक स्वतन्त्र रहनेछन् । यदि उनीहरुको कार्यकालभन्दा ४ बर्ष पूर्व कुनै पनि समयमा उनीहरु वा उनका परिवारका सदस्य (श्रीमान-श्रीमती, छोरा-छोरी, सौतेनी सन्तान, अभिभावक, भाई-बहिनी, घरेलु साझेदार, (श्रीमान-श्रीमती । घरेलु साझेदारका अभिभावक, भाई-बहिनी र छोरा-छोरी) हरुको देहाय बमोजिमको हैसियत भएमा निजहरुलाई स्वतन्त्र मानिने छैन :

- एन्फासंग प्रत्यक्ष वा परोक्ष रुपमा कुनै तलबी पदमा रहेकोमा वा तिनसँग कुनै ठोस करारमा रहेकोमा र/वा एन्फाको बाह्य कानुनी सल्लाहकार वा लेखापरीक्षक (एन्फाको लेखापरीक्षणमा संलग्न) वा अन्य कुनै सदस्य/महासंघ, लिग वा क्लब (तिनका आबद्ध कम्पनी/संगठनसमेत) को रोजगारीमा रहेकोमा ।
- एन्फा र/वा अन्य कुनै सदस्य/महासंघ, लिग वा क्लबले बार्षिक रुपमा १०,००० (दश हजार) अमेरिकी डलरभन्दा बढी भुक्तानी गर्ने कुनै मुनाफारहित संस्थामा तलबी वा स्वयंसेवी पद धारण गरेकोमा ।

६. यदि लेखापरीक्षण र अनुपालन समिति (Compliance Committee) का संयोजक, उपसंयोजक वा सदस्यले कार्यकालभित्रै आफ्नो औपचारिक कार्यसम्पादन गर्न छोडेमा अर्को कंग्रेसको अवधिसम्मका लागि कार्यसमितिले निजको बदलीमा पदपूर्ति गर्नेछ ।

## धारा ७० निर्वाचन समितिहरु

१. एन्फाको चुनावी संहिता (electoral code) बमोजिम निर्वाचन सञ्चालन तथा पर्यवेक्षण गर्ने निकाय निर्वाचन समितिहरु हुन् । चुनावी समितिहरु अर्न्तगत निर्वाचन समिति (First instance body) र चुनाव पुनरावेदन समिति (second instance body) रहन्छन् ।

२. निर्वाचन समितिहरुको गठन र काम एन्फाको चुनावी संहिता (electoral code) अनुसार हुनेछ ।

धारा ७१ न्यायिक निकायहरु

१. एन्फाका न्यायिक निकायहरु निम्न छन् :

क) अनुशासन समिति

ख) सदाचार समिति

ग) पुनरावेदन समिति

२. न्यायिक निकायहरुमा एकजना अध्यक्ष, एकजना उपाध्यक्ष र बढीमा ५ (पाँच) जना अन्य सदस्यहरु रहनेछन् ।

३. न्यायिक निकायहरुको गठन विधि यस्तो हुनेछ कि सदस्यहरुमा संयुक्त रुपमा आफ्नो कार्यसम्पादन गर्न आवश्यक ज्ञान, क्षमता र विज्ञ अनुभव हुनुपर्दछ । न्यायिक निकायका अध्यक्षहरु कानुन अभ्यास गर्नका लागि इजाजत प्राप्त हुनुपर्नेछ भने उनीहरुले आफ्नो निर्वाचन वा पुनः निर्वाचन हुनुपूर्व एक सदाचार परिक्षाबाट समेत गुज्रिनुपर्नेछ । यस्तो सदाचार परीक्षण सदाचार समितिका अध्यक्ष, उपाध्यक्ष सहित सबै सदस्यको हकमा लेखापरीक्षण र अनुपालन समितिले एवं न्यायिक निकायका अध्यक्ष, उपाध्यक्ष सहित सबै सदस्यको हकमा सदाचार परीक्षण सदाचार समिति आफैले गर्नेछ । सबै सदस्यहरुको पदावधि ४ वर्षको हुनेछ । सदस्यहरु पुनः निर्वाचित हुन र जुनसुकै समयमा आफ्नो जिम्मेवारीबाट हटाइन सक्नेछन्, यद्यपि जिम्मेवारीबाट हटाउने अधिकार कंग्रेस (साधारण सभा) लाई मात्र हुनेछ ।

४. न्यायिक निकायका अध्यक्ष, उपाध्यक्ष र अन्य सदस्यहरु कार्यसमितिको प्रस्तावमा कंग्रेस ( साधारण सभा) बाट नियुक्त हुनेछन् । निजहरु कार्यसमिति वा स्थायी समितिका सदस्य हुनसक्ने छैनन् ।

५. सदाचार समितिका अध्यक्ष र उपाध्यक्षले धारा ४५ को उपधारा ५ मा उल्लेखित लेखापरीक्षण र अनुपालन समितिका अध्यक्ष र उपाध्यक्षलाई तोकिएकै स्वतन्त्रताको मापदण्ड पूरा गर्नुपर्नेछ ।

६. यदि न्यायिक निकायका अध्यक्ष, उपाध्यक्ष वा सदस्यले कार्यकाल भित्रै आफ्नो औपचारिक कार्यसम्पादन गर्न छोडेमा अर्को कंग्रेस (साधारण सभा) को अवधिसम्मका लागि कार्यसमितिले निजको बदलीमा पदपूर्ति गर्नेछ ।

७. न्यायिक निकायका जिम्मेवारी र कार्यहरु एन्फाको अनुशासन समिति र आचारसंहितामा तोकिएबमोजिम हुनेछ ।

## धारा ७२ अनुशासन समिति

१. अनुशासन समितिका कार्यहरु एन्फाको अनुशासन संहिताले निर्देशित गरे बमोजिम हुनेछ । कम्तीमा ३ जना सदस्यको उपस्थितिमा मात्र यस समितिले निर्णयहरु लिनेछ । खास मुद्दाहरुमा भने एन्फाको अनुशासन संहिताले तोकेबमोजिम अध्यक्ष एक्लैले पनि निर्णय लिन सक्नेछ ।

२. समितिले सदस्यहरु, अफिसियल, खेलाडी, क्लब, म्याच एजेन्ट र मध्यस्थहरु बिरुद्ध यस बिधान एवं एन्फाको अनुशासन संहितामा उल्लेख गरिए बमोजिमका कारवाहीहरु गर्न सक्नेछ ।

३. सदस्यहरुलाई निलम्बन एवं निष्काशन गर्ने कंग्रेस र कार्यसमितिको अधिकारलाई यी प्रावधानले असर पुर्‍याएको मानिने छैन ।

४. कार्यसमितिले एन्फाको अनुशासन संहितालाई जारी गर्नेछ ।

## धारा ७३ सदाचार समिति

१. सदाचार समितिका कार्यहरु एन्फाको आचार संहिताले निर्देशित गरे बमोजिम हुनेछ । कम्तीमा ३ जना सदस्यको उपस्थितिमा मात्र यस समितिले निर्णयहरु लिनेछ । खास मुद्दाहरुमा भने एन्फाको आचार संहिताले तोकेबमोजिम अध्यक्ष एक्लैले पनि निर्णय लिन सक्नेछ ।

२. समितिले अफिसियल, खेलाडी, क्लब, म्याच एजेन्ट र मध्यस्थहरु बिरुद्ध यस विधान एवं एन्फाको अनुशासनिक संहिता तथा आचार संहितामा उल्लेख भए बमोजिमका कारवाहीहरु गर्न सक्नेछ ।

३. कार्यसमितिले एन्फाको आचार संहितालाई जारी गर्नेछ जुन फिफाद्वारा पारित बहालवाला आचार संहितामा उल्लेखित सिद्धान्तहरु अनुकूल हुनेछ ।

धारा ७४ पुनरावेदन समिति

१. अन्तिम भनी घोषणा नगरिएका अनुशासन समितिका निर्णयहरु बिरुद्ध पुनरावेदन सुन्ने जिम्मेवारी पुनरावेदन समितिको रहेकोछ । समितिका कार्यहरु एन्फाको अनुशासन संहिताले निर्देशित गरे बमोजिम हुनेछ । कम्तीमा ३ जना सदस्यको उपस्थितिमा मात्र यस समितिले निर्णयहरु लिनेछ । खास मुद्दाहरुमा भने एन्फाको अनुशासन संहिताले तोकेबमोजिम अध्यक्ष एक्लैले पनि निर्णय लिन सक्नेछ ।

२. समितिले सदस्यहरु, अफिसियल, खेलाडी, क्लब, म्याच एजेन्ट र मध्यस्थकर्ताहरु बिरुद्ध यस विधान एवं एन्फाको अनुशासन संहितामा उल्लेख भए बमोजिमका कारवाहीहरु गर्न सक्नेछ ।

३. यी प्रावधानहरु सदस्यहरुलाई निलम्बन एवं निष्काशन गर्नसक्ने कंग्रेस (साधारण सभा) र कार्यसमितिको अनुशासनिक अधिकारको अधीनमा रहनेछन् ।

४. पुनरावेदन समितिमा एकजना अध्यक्ष, एकजना उपाध्यक्ष र ३ जना अन्य सदस्यहरु रहनेछन् । अध्यक्ष र उपाध्यक्षसंग एन्फाले तोके अनुसारको कानूनी वा अन्य कुनै योग्यताहरु हुनुपर्नेछ ।

५. पुनरावेदन समितिका निर्णयहरु उपर स्वीजरल्याण्डको Lausanne मा अवस्थित कोर्ट अफ आर्बिट्रेशन फर स्पोर्टस (Court of Arbitration for Sports ) मा मात्र पुनरावेदन गर्न सकिनेछ ।

## परिच्छेद १४: अन्य निकायहरु

धारा ७५ क्लबको इजाजत दिने निकाय

१. एन्फा र सम्वद्ध महासंघका नियम बमोजिम संघभित्र क्लबलाई इजाजत दिने प्रणालीको जिम्मा क्लबको इजाजत दिने निकायको रहेकोछ ।

२. क्लव इजाजत दिने निकाय अर्न्तगत क्लव ईजाजत समिति (First Instance Body (FIB)) र क्लव इजाजत पुनरावेदन निकाय रहनेछन् ।

३. क्लब इजाजत पुनरावेदन निकाय (Appeal Body) को निर्णयहरु उपर स्वीजरल्याण्ड Lausanne मा अवस्थित कोर्ट अफ आर्बिट्रेशन फर स्पोर्ट (Court for Arbitration for Sports) मा मात्र पुनरावेदन पेश गर्न सकिनेछ ।

## परिच्छेद १५: अनुशासन सम्बन्धी कारवाहीहरु

### धारा ७६ अनुशासन सम्बन्धी कारवाहीहरु

अनुशासन सम्बन्धी कारवाहीहरु मूलत: निम्नानुसार रहेका छन् :

१) कानूनी र प्राकृतिक व्यक्तिहरुका निम्ति

क) चेतावनी दिने

ख) नसिहत दिने

ग) जरिवाना तिराउने

घ) पुरस्कार फिर्ता गराउने

२) प्राकृतिक व्यक्तिहरुका निम्ति

क) सजग गराउने

ख) निष्काशन गर्ने

ग) खेलबाट निलम्बन गर्ने

घ) ड्रेसिङ्ग रुममा र/वा प्रतिस्थापक (substitutes) को बेञ्चमा रहनबाट बन्देज लगाउने

ङ) रंगशालामा प्रवेशबाट रोक लगाउने

च) फुटबल सम्बन्धी कुनै गतिविधिमा भाग लिनबाट रोक लगाउने

छ) नसिहत दिने

ज) जरिवाना तिराउने

झ) पुरस्कार फिर्ता गराउने

ञ) सामाजिक कार्यमा लगाउने

३) कानुनी व्यक्तिहरुका निम्ति

क) स्थानान्तरणमा (A transfer ban) बन्देज लगाउने

ख) दर्शकबिना खेल खेल्न लगाउने

ग) तटस्थ ठाउँमा खेल खेल्न लगाउने

घ) कुनै खास रंगशालामा खेल खेल्न रोक लगाउने वा खेलको नतिजालाई रद्द गर्ने

ङ) निष्काशन गर्ने

च) जफत गर्ने

छ) अंक कट्टा गर्ने

ज) तल्लो डिभिजनमा घटुवा गर्ने

झ) नसिहत दिने

ञ) जरिवाना तिराउने

ट) पुरस्कार फिर्ता गराउने

ठ) खेलको नतिजालाई रद्द गर्ने

## परिच्छेद १६: मध्यस्थता

### धारा ७७ मध्यस्थता

१. फिफाका नियमावली, यस बिधान, वा बाध्यकारी कानुनी प्रावधानले बिशेष रुपमा साधारण अदालतमा जान तोकेको वा तहाँको उपचार सुझाएको अवस्थामा बाहेक संघ भीत्रका बिवाद वा लिग, लिगका सदस्य, क्लब, क्लबका सदस्य, खेलाडी, अफिसियल र संघका अन्य अफिसियलहरुलाई असर पार्ने बिवादहरुलाई साधारण अदालत समक्ष पेश गरिने छैन ।

२. एन्फा अर्न्तगत रहेका सबै आन्तरिक उपायहरु समाप्त भए पश्चात उपधारा (१) मा उल्लेखित बिवादहरुलांई स्वीजरल्याण्डको Laussanne मा आवस्थित कोर्ट अफ् आर्बिटेशन फर स्पोर्टमा पेश गरिनेछ ।

३. यस विधान, नियम, नियमावली, निर्देशिका तथा फिफा वा ए. एफ्. सी. को निर्णयसंग सम्वन्धित कुनै अन्तर्राष्ट्रिय आयामको विवाद भएमा फिफा तथा ए. एफ्. सी. को बिधान अनुसार त्यस्तो बिबाद स्वीजरल्याण्डको Laussanne मा अवस्थित कोर्ट अफ् आर्बिटेशन फर स्पोर्ट समक्ष अन्तिम समयमा (last instance) मात्र पेश गर्न सकिनेछ । तर प्रचलित नेपाल कानुन आकर्षित हुने बिषयमा नेपाल कानुन बमोजिम हुनेछ ।

## धारा ७८ क्षेत्राधिकार

१. आन्तरिक राष्ट्रिय विवादहरु (अर्थात एन्फासंग सम्बन्धित पक्षहरुबीच हुने) मा एन्फाको क्षेत्राधिकार रहनेछ भने अन्तर्राष्ट्रिय विवादहरु (अर्थात बिभिन्न संघ र/वा महासंघबीच हुने) को हकमा सम्बन्धित नियमावली अनुसार फिफा वा/र ए. एफ्. सी. को क्षेत्राधिकार कायम रहनेछ ।

२. एन्फा तथा एन्फाको क्षेत्राधिकार भित्र रहने सबैले फिफा ए. एफ्. सी. अर्न्तगत निकाय वा स्वीजरल्याण्डको Laussanne मा अवस्थित कोर्ट अफ् आर्बिटेशन फर स्पोर्टबाट अन्तिम भनेर निर्णय भएको फैसलाको पूर्ण रुपमा अनुपालन हुने सुनिश्चितता गर्दछ ।

## धारा ७९ कोर्ट अफ आर्बिट्रेशन फर स्पोर्ट (Court of Arbitration for Sports)

१. फिफाका सम्वद्ध विधानहरुको अधीनमा रही फिफा, ए.एफ्.सी. ले गरेको अन्तिम तथा बाध्यकारी निर्णय उपरको पुनरावेदन Lausanne, स्वीजरल्याण्डमा अवस्थित कोर्ट अफ आर्बिट्रेशन फर स्पोर्ट (CAS) ले सुन्नेछ । तथापि, कोर्ट अफ आर्बिट्रेशन फर स्पोर्ट (CAS) ले खेलका नियमको उल्लघन गरी र ४ वटा खेलसम्म खेल्न निलम्बन वा ३ महिनासम्म निलम्बन (डोपिङ्को निर्णय बाहेक) गरेको निर्णयको हकमा भने पुनरावेदन सुन्ने छैन ।

२. फिफाको कुनै पनि निकाय, ए.एफ्.सी.को निकाय, एन्फाबाट मान्यताप्राप्त मध्यस्थता ट्रिबुनल वा Lausanne, स्वीजरल्याण्डमा अवस्थित कोर्ट अफ आर्बिट्रेशन फर स्पोर्ट (Court of Arbitration for Sports) ले गरेको अन्तिम निर्णयलाई आफू स्वयं र आफ्नो क्षेत्राधिकार भित्रका सबैले पूर्ण रुपमा पालना गर्ने सुनिश्चितता एन्फाले गर्नेछ ।

### धारा ८० बिबाद समाधान

एन्फा र यसका सदस्य, खेलाडी, अफिसियल, म्याच एजेण्ट र मध्यस्थहरुले कुनै पनि विवादलाई अदालत सामु लैजाने छैनन् र एन्फासंग सम्बन्धित पक्षहरुबीच हुने राष्ट्रिय विवादहरुमा एन्फाकै क्षेत्राधिकार रहनेछ ।

## परिच्छेद १८: आर्थिक

### धारा ८१ आर्थिक व्यवस्था

१. एन्फाको आर्थिक बर्ष नेपाली क्यालेण्डरको श्रावण १ गतेबाट शुरु भएर अर्को बर्षको असार मसान्तसम्म एक बर्ष अवधिको हुनेछ ।

२. एन्फाको आय, व्यय आर्थिक बर्षको अवधिभर हिसाब मिलान हुने गरी व्यवस्थापन गरिनेछ । मौज्दातहरु खडा गरेर एन्फाका भावी प्रमुख कार्यहरुलाई सुनिश्चित गरिनेछ ।

३. असार मसान्त सम्ममा आफ्ना आंगिक निकायसंग मिलेर एन्फाको बार्षिक एकीकृत हिसाब तयार गर्ने जिम्मेवारी कोषाध्यक्षको हुनेछ ।

४. एन्फाका सबै बैंक खाताहरुको संचालन अध्यक्ष वा निजबाट मनोनित व्यक्ति र कोषाध्यक्षको संयुक्त दस्तखतबाट हुनेछ । कोषाध्यक्षको दस्तखत अनिवार्य रहेकोछ ।

### धारा ८२ आयहरु

एन्फाको आय मुख्यतः निम्न श्रोतहरुबाट प्राप्त हुन्छ :

१. सदस्यहरुको बार्षिक ग्राहक शुल्क ।

२. एन्फासंग रहेका बजार व्यवस्थापन (Marketing rights) बाट प्राप्त रकमहरु ।

३. नेपाल सरकार, राष्ट्रिय खेलकुद परिषद, फिफा, ए.एफ.सी. र बिभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुबाट प्राप्त अनुदान एवं सहयोगबाट प्राप्त रकमहरु ।

४. अधिकारप्राप्त निकायबाट लगाइएको जरिवाना ।

५. एन्फाका उद्देश्यहरु बमोजिमका अन्य अनुदान शुल्क तथा रकमहरु ।

## धारा ८३ व्ययहरु

एन्फाले देहायका व्ययहरु बहन गर्दछ :

१. बजेटमै तोकिएका खर्चहरु ।

२. कंग्रेसबाट अनुमोदित अन्य खर्चहरु एवं कार्यसमितिले आफ्नो अख्तियारी भित्र रही गर्न पाउने खर्चहरु ।

३. एन्फाका उद्देश्यहरु प्राप्तीका लागि गरिने अन्य सबै प्रकारका खर्चहरु ।

## धारा ८४ स्वतन्त्र र बाह्य लेखापरिक्षण

कंग्रेस (साधारण सभा) ले नियुक्त गरेका स्वतन्त्र लेखापरीक्षकहरुले आर्थिक समितिले स्वीकृत गरेका लेखाहरुको सालबसाली रुपमा लेखापरीक्षण गर्नेछन् । निजहरुले लेखापालनका उपयुक्त सिद्धान्तहरु अनुसार लेखापरीक्षण गरी सोको प्रतिवेदन कंग्रेस (साधारण सभा) समक्ष पेश गर्नेछन् । लेखापरीक्षकहरु एक बर्षको अवधिका लागि नियुक्त गरिनेछन र उनीहरुको कार्यादेशलाई नवीकरण गर्न सकिनेछ ।

## धारा ८५ सदस्यता शुल्कहरु

१ सदस्यता शुल्कहरु आर्थिक बर्ष प्रारम्भ भएको ३ महिनाभित्रै चुक्ता गरिसक्नु पर्नेछ । नयाँ सदस्यहरुको सदस्यता शुल्क उनीहरु सदस्य बनेकै दिन भुक्तानी गर्नुपर्नेछ ।

२ हरेक सदस्यका लागि बार्षिक सदस्यता शुल्क समान हुनेछ, जुन हालका लागि ने.रु. ५,०००।- (अक्षरुपी पाँच हजार रुपैयाँमात्र) कायम गरिएकोछ ।

## धारा ८६ राफ्साफ् (फरफारक)

एन्फाले सदस्यको सम्पत्तिबाट दावीहरु राफ्साफ् (फर्फारक) गर्न सक्नेछ ।

## धारा ८७ आर्थिक तथ्यांकको प्रकाशन

कंग्रेसले स्वीकृत गरे पश्चात धारा ३१(२)(झ) र (ञ) बमोजिमको आर्थिक दस्तावेज एन्फाको वेवसाईटमा प्रकाशित गरिनेछ ।

### धारा ८८ लेभी

खेलहरुका लागि सदस्यहरुले तिनुपर्ने गरी एन्फाले लेभी माग गर्न सक्नेछ ।

## परिच्छेद १८: प्रतियोगिताहरु एवं खेलमा अधिकार

### धारा ८९ प्रतियोगिताहरु

१ शहीद स्मारक लिग लगायत बिभिन्न प्रतियोगिताहरुलाई एन्फाले बार्षिक रुपमा आयोजना एवं समन्वय गर्दछ । एन्फाले आयोजना गर्ने प्रतियोगिताहरु देहाय बमोजिम रहेका छन् ।

(क) शहिद स्मारक लिग

(ख) एन्फा प्रेसिडेन्ट छनौंट प्रतियोगिता (Qualifying)

(ग) राष्ट्रिय लिग

(घ) युवा प्रतियोगिता

(ङ) महिला लिग

(च) बालबालिका लिग

राष्ट्रिय लिग, एन्फा प्रेसिडेन्ट लिग र शहिद स्मारक लिग, युवा प्रतियोगिता र महिला लिग संग सम्बन्धित आवश्यक कार्यविधी/निर्देशिका निर्माण गरी सन्चालन गरिनेछ ।

२ घरेलु प्रतियोगिताहरु आयोजना गर्ने अधिकार कार्यसमितिले एन्फाका अधीनस्थ लिगहरुलाई प्रत्यायोजन गर्न सक्नेछ । लिग आयोजना गर्दा एन्फाले आयोजना गर्ने अन्य प्रतियोगिताहरुसंग जुध्ने छैनन् । यस्तोमा एन्फाले आयोजना गर्ने प्रतियोगिताहरुले वरीयता पाउनेछन् ।

३ यस प्रयोजनका लागि कार्यसमितिले बिशेष नियमहरु जारी गर्न सक्नेछ ।

### धारा ९० अन्तर्राष्ट्रिय खेल र प्रतियोगिताहरु

१ संघका टीमहरुबीच र लिगहरुबीच र/वा क्लबका टीमहरुबीच अन्तर्राष्ट्रिय खेल एवं प्रतियोगिताहरु आयोजना गर्ने एकल अधिकार फिफा र महासंघ (हरु) संग रहेकोछ ।

अन्तर्राष्ट्रिय खेलको हकमा लागू हुने फिफाको नियमावली अनुसार फिफा, ए. एफ. सी. र/वा एन्फाको पूर्व स्वीकृति नलिईकन कुनै पनि खेल वा प्रतियोगिता हुनसक्नेछैन ।

२. फिफाले तयार गरेको अन्तर्राष्ट्रिय खेलहरुको क्यालेण्डरको अनुशरण गर्न एन्फा बाध्य रहेको छ ।

## धारा ९१ अधिकारहरु

१. एन्फा एवम यसका सदस्यहरुद्धारा संचालित फुटबल प्रतियोगिताहरु र अन्य खेलहरुबाट उत्पन्न हुने सबै अधिकारहरुको वास्तविक स्वामित्व आ-आफ्नो क्षेत्राधिकारभित्र निहित रहने छन् । बिषयवस्तु, समय, स्थान र कानूनका कुनै पनि बन्देजहरु यस सन्दर्भमा लागू हुने छैनन् । यी अधिकारहरु अन्तर्गत अन्य कुराका अतिरिक्त हरेक किसिमका आर्थिक अधिकारहरु, श्रव्य-दृष्य र रेडियो रेकर्डिङ्ग, पुनरोत्पादन र प्रसारण हक, मल्टीमीडिया अधिकार, बजार व्यवस्थापन (मार्केटिङ्ग) एवं प्रवर्द्धनात्मक अधिकार तथा प्रतिक चिन्ह जस्ता अमूर्त अधिकारसहित प्रतिलिपि कानुन अन्तर्गत प्राप्त हुने अधिकारसमेत पर्दछन् ।

२. यी अधिकारहरुलाई कसरी र कुन हदसम्म प्रयोग गर्ने भन्ने बारेमा कार्यसमितिले निर्णय गर्नेछ तथा यस प्रयोजनका लागि बिशेष नियमहरु बनाउनेछ । एन्फाले त्यस्तो अधिकारको प्रयोग पारदर्शी तथा एन्फाको बिधान र नियम र प्रचलित नेपाल कानून बमोजिम हुने गरी गर्नेछ ।

## धारा ९२ अख्तियारी प्रदान

आ-आफ्नो क्षेत्राधिकारभित्र रही फुटबल प्रतियोगिता र खेलहरुको तस्वीर, ध्वनि तथा अन्य तथ्याङ्क (डाटा) सम्वाहकहरुको वितरणको अधिकार प्रदान गर्नका लागि एन्फा र यसका सदस्यहरु बिशेष रुपमा जिम्मेवार छन् ।

## धारा ९३ सम्पर्कहरु

फिफाको स्वीकृति नलिईकन फिफाको सदस्य नरहेको संघ वा कुनै महासंघका अन्तरिम सदस्यहरुसंग एन्फाले नत कुनै खेल नै खेल्नेछ नत तिनीहरुसंग कुनै खेल सम्पर्क नै कायम राख्नेछ ।

## धारा ९४ स्वीकृति

एन्फा, अर्को संघ र फिफाको अख्तियारी बेगर एन्फासंग आबद्ध क्लब, लिग वा अन्य कुनै क्लबका समूह कुनै अर्को संघसंग सम्बन्धित हुनसक्ने वा अर्को संघको भूभागमा गई प्रतियोगितामा भाग लिनसक्ने छैनन् ।

# परिच्छेद १९: अन्तिम प्राबधानहरु

## धारा ९५ अप्रत्याशित घटनाक्रम र काबुबाहिरको परिस्थिति

काबुबाहिरको परिस्थितिका सबै घटनाहरु र यस बिधानमा नपरेको सबै बिषयका बारेमा निर्णय लिने अधिकार कार्यसमितिसंग रहनेछ । यी निर्णयहरु फिफा र ए.एफ्.सी.का सम्बद्ध नियमहरुलाई ध्यानमा राख्दै सच्चरित्रता एवं न्यायतर्फ लक्षित हुनुपर्दछ ।

## धारा ९६ संस्थागत कागजात (Corporate Document) को प्रकाशन

एन्फाले आफ्नो आधिकारिक वेबसाईटमा निम्न अनुसारको कागजात तथा जानकारी प्रकाशन गर्नेछः

(क) एन्फाको बिधान,

(ख) एन्फाको नियम तथा नियमावलीहरु,

(ग) महत्वपूर्ण निर्णयहरु,

(घ) कंग्रेस तथा कार्यसमिति बैठकको एजेण्डा,

(ङ) परिपत्रहरु (circular) र

(च) एन्फाको अन्य उपर्युक्त कागजात तथा जानकारी आदी ।

## धारा ९७ बिघटन

१. एन्फाको विघटनसम्बन्धी कुनै पनि निर्णय सोही प्रयोजनका लागि बिशेष रुपमा बोलाइएको कंग्रेस (साधारण सभा) मा एन्फाका सबै सदस्यहरुको २/३ बहुमतबाट लिनुपर्नेछ ।

२. यदि एन्फाको विघटन गरिएमा यसका सम्पत्ति र दायित्वहरु नेपाल सरकारको उपयुक्त निकाय (राष्ट्रिय खेलकुद परिषद्) मा स्थानान्तरित हुनेछन् । सो निकायले एन्फाको पुनर्स्थापना नभएसम्म यी सम्पत्तिहरुलाई गुठीको रुपमा उचित सम्भार सहित राख्नेछ ।

## धारा ९८ कार्यान्वयन

यस बिधानलाई मिति २०७७/१०/०६ गतेको ललितपुर, नेपालमा बसेको १९ औं एन्फा कंग्रेस (साधारण सभा) बाट संशोधन सहित पारित गरेकोमा सोही मितिबाट लागु हुनेछ ।

## धारा ९९ संक्रमणकालिन प्राबधानहरु

१. यस बिधानको धारा ३७ को उपधारा (१) बमोजिम कार्यसमितिको गठन यस बिधान लागु भए पश्चात कंग्रेस मार्फत चुनिएर आउने कार्यसमितिको हकमा मात्र लागु हुनेछ ।

२. धारा ३७ (२) अनुसारको integrity check र धारा ३७ (३) अनुसारको मापदण्ड यो बिधान लागु हुनु भन्दा अघि गठन भएको कार्यसमिति सदस्यको हकमा लागु हुनेछैन । यो बिधान लागु भए पश्चात निर्वाचित हुने कार्यसमितिका सदस्यहरुको हकमा मात्र सो धाराहरु लागु हुनेछन् ।

३. बिधानको धारा ३७ (४) अनुसारको पदावधीको समय सिमाको सन्र्दभमा अध्यक्षको हकमा यस अघिको चुनावलाई समेत गणना गरिनेछ । वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष तथा कार्यसमितिका अन्य सदस्यको हकमा यो बिधान लागु भए पश्चातको निर्वाचनबाट मात्र लागु हुनेछ ।

४. यस बिधान लागु भए पश्चात धारा ४७ देखि ६४ सम्म उल्लेख भएका स्थायी समितिहरुमा कार्यसमितिले सदस्यहरु नियुक्त गर्नेछ ।

५. यो बिधान लागु भएको १२ (बाह्र) महिना भित्र कंग्रेसले धारा ६९ देखि ७४ मा व्यवस्था गरिएको स्वतन्त्र समितिहरुमा रिक्त रहेका स्थानहरुमा सदस्य निर्वाचित गर्नेछ । सोही समय भित्र बिधानको धारा ६९ (५) बमोजिम स्वतन्त्र मापदण्ड (independence criteria) विपरित कार्य गर्ने सदस्यहरुलाई बर्खास्त गरी त्यस्तो स्थानमा सदस्यहरु निर्वाचित गर्नेछ ।

अनुसूचि-१

एन्फाको झण्डा



## अनुसूचि-२

### संस्थाको छाप (**Emblem**) चिन्ह नेपाली र अंग्रेजीमा

अखिल नेपाल फुटबल संघ

ANFA

ALL NEPAL FOOTBALL ASSOCIATION

ANFA

## अनुसूचि-३

### राष्ट्रिय टिमको जर्सीमा राख्ने चिन्ह

अनुसूचि-४

# पद तथा गोपनियताको शपथ ग्रहणको नमुना

## अखिल नेपाल फुटबल संघ

पद तथा गोपनियताको

**शपथ ग्रहण**

म.............................................अखिल नेपाल फुटबल संघको ................. र ................................पदमा रहीफुटबल खेलप्रतिको आश्थालाई/ईश्वरलाई साक्षी राखी पूर्ण निष्ठा र ईमान्दारीताका साथ कुनै पनि लोभ-लालचा, मोल-मोलाईजा, डर-त्रास तथा प्रलोभनमा नपरी फुटबल खेलको विकासमा समर्पित हुनेछु । साथै फिफा, एएफसी र यस अखिल नेपाल फुटबल संघको विधि विधान, निर्देशिका तथा निर्देशनलाई पालना गर्ने गरी पदीय गोपनियता तथा मर्यादालाई सधै कायम राख्नेछु ।

.............................. ..............................

सपथ ग्रहण गराउने सपथ ग्रहण गर्ने

नाम :

पद :

अनुसूचि-५

# Integrity Check

QUESTIONNAIRE FOR INTEGRITY CHECKS

## Part 1: General provisions

The integrity checks with regard to candidates for, and holders of, official positions within ANFA that are subject to such checks ("candidates or holders") shall be conducted by the relevant body in accordance with the provisions of these Statutes and this annexe.

Candidates or holders are obliged to comply with the screening and self-disclosure process as outlined in parts 2 and 3 below. Prior to the screening process, every candidate or holder shall give his written consent to said process through a form provided by the relevant body conducting the integrity check. If such written consent is not provided, the candidate or holder shall be deemed not to have passed the integrity check.

Candidates or holders shall act in good faith at all times and shall fully collaborate to establish the relevant facts upon reasonable notice. If the candidate or holder concerned does not cooperate with the body competent to conduct the integrity check, the candidate or holder shall be deemed not to have passed the integrity check.

The candidate or holder shall be deemed not to have passed the integrity check, if he:

a) has been subject to criminal convictions or disciplinary sanctions by a state court, in particular if the offence in question was a substantive issue and not a minor infraction or procedural misconduct;

b) has been found guilty and/or sentenced by the FIFA Ethics Committee or any other sporting body with a sanction that would seriously put into question the discharge of the office concerned.

Subject to the relevant provisions regarding disclosure and forwarding of the information and related data obtained in the context of integrity checks in accordance with this annexe, all such information and related data must be treated as strictly confidential by the body conducting the integrity check concerned.

## Part 2: Screening process

At the beginning of the screening process, every candidate or holder shall undergo an identification check ("ID check"). In this context, the candidate or holder shall submit a valid copy of his passport to the body in charge of performing the integrity check. The ID check shall include verification/identification of the following elements:

a) name(s) and surname(s);

b) address of residence;

c) date and place of birth;

d) nationality/nationalities.

Every candidate or holder shall complete the questionnaire contained in part 3 below.

The body in charge of performing the integrity check may conduct independent research and/or investigations in order to obtain further relevant information on a particular candidate or holder, which may include information on intermediaries and related parties, mandates, potential conflicts of interest and significant participations as well as civil and criminal proceedings/investigations.

**Part 3: Questionnaire**

| | |
|---|---|
| First name(s): | |
| Surname(s): | |
| Address of residence: | |
| Date and place of birth: | |
| Nationality/nationalities: | |
| Profession: | |

Have you previously been convicted by a final decision of any intentional indictable offence or of any offence corresponding to a violation of the rules of conduct set out in part II section 5 of the FIFA Code of Ethics?

No Yes

If yes, please specify:

Has a sports governing body ever imposed any disciplinary or similar sanction or measure on you in the past for actions which amount to a violation of the rules of conduct set out in part II section 5 of the FIFA Code of Ethics?

No Yes

If yes, please specify:

Are you the subject of any pending civil, criminal or disciplinary proceedings or investigations?

No Yes

If yes, please specify:

I am fully aware that I am subject to the provisions of the Disciplinary and Ethics Code of ANFA and to the provisions of the Statutes and other regulations of ANFA that may address integrity issues, and I fully comply with such provisions.

I currently hold the following positions in football:

The following facts and circumstances may give rise to potential conflicts of interest regarding me (cf. in particular art. 23 par. 10 of these Statutes):

Remarks and observations which may be of potential relevance in the context of the integrity check:

I am fully aware and agree that this questionnaire is made available to the members of the appropriate body of ANFA.

I am fully aware and confirm that I must notify the body conducting the integrity check of any relevant facts and circumstances arising after the integrity check has been completed.

I am fully aware and confirm that I am obliged to collaborate fully to establish the relevant facts with regard to the integrity check to which I am subject. In particular, I will comply with requests for any documents, information or any other material of any nature held by me. In addition, I will comply with the procurement and provision of documents, information or any other material of any nature not held by me but which I am entitled to obtain.

I am fully aware and confirm that the body conducting the integrity check may also request information on possible sanctions (questions 1 and 2 above) directly from FIFA or the relevant confederation as well as from other institutions such as the Court of Arbitration for Sport in Lausanne, Switzerland, or the International Olympic Committee. In this regard, I hereby release the relevant institutions from any obligation of confidentiality relating to the information concerned.

I am fully aware and confirm that the body conducting the integrity check may collect further information on me in accordance with part 2 par. 3 of this annexe.

____________________ (Place and date)

____________________ (Signature)

ALL NEPAL FOOTBALL ASSOCIATION ANFA